# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८२ श्रावण – आश्विन

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण




नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिचांइ मन्त्रालय

## जल तथा मौसम विज्ञान विभाग

कार्तिक, २०८२

# विषय सूची


१ विभागको प्रकृति र स्वरूप.......................................................................................... ३

२ विभागको काम, कर्तव्य र अधिकार............................................................................... ४

३ विभागमा रहने कर्मचारी संख्या र कार्यविवरण ................................................................. ६

४ विभागबाट प्रदान गरिने सेवा ..................................................................................... २७

५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि.............................................................................. २९

६ सेवा प्रदान गर्ने महाशाखा, शाखा, कार्यालय र जिम्मेवार अधिकारी ........................................ ३४

७ प्रमुख, प्रवक्ता तथा सूचना अधिकारीको विवरण ................................................................. ३९

८ सम्पादन भएका मुख्य-मुख्य कामको विवरण (२०८२ वैशाख – असार)........................................ २७

९ विभागको वेवसाईट.................................................................................................. ४३

१० विभागमा परेका सूचना माग सम्बन्धी निवेदनः................................................................. ४४

## १ विभागको प्रकृति र स्वरूप

जल, मौसम र जलवायु सम्बन्धी सेवा प्रवाह गर्न स्थापित सरकारी निकाय जल तथा मौसम विज्ञान विभाग हो। नेपालमा जल तथा मौसम सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशनको इतिहास धेरै पुरानो छैन। नेपालमा जल तथा मौसम अवलोकन सम्बन्धी कार्य वि.स. १९७८ भन्दा अगाडि देखिनै हुदै आएको भए पनि जल तथा मौसम अवलोकन केन्द्र सञ्जालको विकास र विस्तारको कार्य वि.सं २०१७ देखि संस्थागतरूपमा प्रारम्भ भई विद्युत विभाग अन्तर्गत जलस्रोत सर्वेक्षण ईकाईको गठन भएको थियो। समयक्रम संगै जल, जलवायु र मौसम सम्बन्धी तथ्याङ्कको महत्वपूर्ण भुमिकालाई दृष्टिगत गरी वि.सं. २०२३ देखि जलश्रोत सर्भेक्षण विभाग मातहत जल तथा मौसम सम्बन्धी कार्यहरू हुदै आएका थिए। नेपाल विश्व मौसम संगठनको सदस्यराष्ट्र भएपछि जल तथा मौसम मापन केन्द्रहरूको विकास र विस्तारलाई जोड दिदै विविध प्रकारका जल-मौसमी समेतका सेवा प्रदान गर्ने उद्देश्यले वि.सं. २०२४ सालमा जलस्रोत तथा जलवायु विज्ञान विभागको स्थापना भयो। यो विभाग वि.सं. २०२९ सालमा जलश्रोत मन्त्रालय अन्तर्गत सिंचाई तथा जलवायु विज्ञान विभागको रूपमा परिणत हुदै वि.सं. २०४४ सालमा एक छुट्टै जलवायु विज्ञान विभागको रूपमा रही वि.सं २०५० सालमा जल तथा मौसम विज्ञान विभागको रूपमा स्थापना भएको थियो। यो जल तथा मौसम विभाग हाल ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत रहेको छ। विभागको केन्द्रिय कार्यालय बबरमहल, काठमाडौंमा रहेको छ।

### क) विभागको दुरदृष्टि

विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवं जलवायु समानुकूलित समाजको निर्माण गर्ने।

### ख) लक्ष्य

विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत नागरिकको जीउधनको सुरक्षाका साथै दिगो पूर्वाधार निर्माणमा टेवा पुर्याउने।

### ग) उद्देश्य

१. जल तथा मौसम सेवालाई समयानुकूल विकास र विस्तार गर्न आवश्यक नीति निर्माण, संरचनागत सुधार र नवीनतम प्रविधिहरूको परीक्षण र प्रयोग गर्ने तथा प्राविधिक क्षमता अभिवृद्धि गर्ने।

२. जल तथा मौसमजन्य बहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना सेवाद्वारा नागरिकको जीउधनको सुरक्षा गर्नु।

३. जल, जलवायु, मौसम र जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गर्नु।

### घ) रणनीतिक प्राथमिकताहरू

१. जल तथा मौसम मापन केन्द्रहरूलाई क्रमशः नवीनतम प्रविधि सहितको आधुनिक केन्द्रहरूमा रुपान्तरण र आवश्यकता अनुसार विस्तार गर्ने

२. जल तथा मौसम पूर्वानुमान भरपर्दो र गुणस्तरीय बनाउन स्वाचालित जल तथा मौसम मापन केन्द्रहरू, स्वचालित उपकरण, मौसमी राडार र माथिल्लो वायुमण्डलीय अवलोकन केन्द्रहरू सञ्चालन गर्ने

३. हिमताल तथा हिमनदीहरूको अनुगमनका लागि उच्च हिमाली क्षेत्रमा हिममौसम र हिमजल मापन केन्द्रहरूको विस्तार गर्ने

४. जल तथा मौसमजन्य बहुप्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने

५. २४ घण्टे मौसम र बाढी पूर्वानुमान तथा हवाई मौसम सेवाको सुदृढीकरण गर्ने

६. आन्तरिक विमानस्थलहरूमा हवाई मौसम सेवा विस्तार गर्ने

७. ऋतुगत पूर्वानुमान र सुक्ष्म जलवायु अध्ययन अनुसन्धान तथा मोडलिङ गर्ने

८. शहरी जलविज्ञान, जलगुण र थेग्रान सम्बन्धी अध्ययन/आंकलन गर्ने

९. विश्व मौसम संगठनको मापदण्ड अनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम सेवा उपलब्ध गराउन नीति तथा कानून निर्माण गर्ने

१०. जल, मौसम, जलवायु र जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन संगठन र अन्य सरोकारवाला संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने

## २ विभागको काम, कर्तव्य र अधिकार

जल तथा मौसमजन्य प्रकोपहरूबाट हुनसक्ने जनधनको क्षति न्यूनिकरण गर्ने उद्देश्यले सही र भरपर्दो पूर्वानुमान तथा पूर्वसूचनाहरू र तथ्याङ्कहरू मार्फत सर्वसधारण लगायत सरोकारवालाहरूलाई सेवा प्रदान गर्न जल तथा मौसम विज्ञान विभागको स्थापना भएको हो। जल तथा मौसम सम्बन्धी गतिविधिहरू व्यवस्थितरूपमा सञ्चालन गरी त्यसको नियमन गर्ने अधिकार यस विभागलाई रहेको छ। जल तथा मौसमी केन्द्रहरूको सञ्जाल विस्तार गरी दैनिक रूपमा जल तथा मौसमी तथ्याङ्क र सूचनाहरूको सङ्कलन, विश्लेषणका साथै मौसम र बाढी पूर्वानुमान सेवा प्रदान गर्ने कार्यका अतिरिक्त कृषि, पर्यटन, जलस्रोत, जलविद्युत, सिंचाइ, स्वास्थ्य तथा खानेपानी, यातायात, हवाई उड्डयन, भौतिक पूर्वाधार विकास लगायतका क्षेत्रको क्षेत्रगत विकास र जल तथा मौसमजन्य विपद जोखिम न्युनीकरण कार्यका लागि आवश्यक तथ्याङ्क, सूचना र सेवा प्रदान गर्ने कार्यको जिम्मेवारी जल तथा मौसम विज्ञान विभागको हो। यस विभागले विश्व मौसम संगठन (World Meteorological Organization, WMO) मान्यता अनुरूप

जल तथा मौसम सम्बन्धी गतिविधिहरू सञ्चालन, सार्वजनिक मौसम पूर्वानुमान तथा बाढी पूर्वानुमान सेवा र अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङगठन (International Civil Aviation Organization, ICAO) को मान्यता वमोजिम सुरक्षित हवाई उडानका लागि हवाई मौसम सेवा प्रदायक तथा निगमनको रूपमा कार्य गर्दछ।

विभागले सम्पादन गर्नुपर्ने कार्यहरू निम्नानुसार छनः

१. जल तथा मौसम विज्ञान सम्वन्धी नीति, नियम, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने।
२. नेपालभर जल, मौसम तथा जलवायु (Water, Weather & Climate) विज्ञान सम्बन्धी नीति, कानून, मापदण्ड, निर्देशिका र योजना कार्यान्वयन गर्ने ।
३. विश्व मौसम संगठन (WMO) र अन्तराष्ट्रिय नागरिक उडडयन संगठन (ICAO) बाट प्रतिपादित स्तर, मापदण्ड, मार्गदर्शनको कार्यान्वयन गर्ने ।
४. Intergovernmental Panel on Climate Change (IPCC) का मापदण्ड र मार्गदर्शनको कार्यान्वयन ।
५. देशभरका जल तथा मौसम मापन केन्द्रहरुको स्थापना, मौसमी राडार, रेडियोसोण्ड, रेडियोधार्मि केन्द्र, उच्च हिमाली केन्द्रहरुको, सञ्चालन, तथ्याङ्क संकलन, प्रशोधन, गुणस्तर परिक्षण र प्रकाशन गर्ने ।
६. नविन ज्ञान सिप र प्रबिधिहरुको प्रयोग गर्दै केन्द्रिय जल तथा मौसम बैङ्क तथा सर्भरको स्थापना र सञ्चालन गर्ने ।
७. मौसम र बाढी पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको बिकास, सञ्चालन, विस्तार र व्यवस्थापन गरी सेवा प्रवाह गर्ने।
८. जल तथा मौसम, कृषि मौसम सम्बन्धि प्रारुपको संचालन, विश्लेषण, आंकलन गरी क्षेत्रगत र प्रभावमा आधारित मौसम सेवा संचालन, व्यवस्थापन, विकास, विस्तार गर्ने ।
९. जल विज्ञानसंग सम्बन्धित नदि नाला जल प्रवाह, पानीको सन्तुलन, थिग्रेनी तथा जलगुण, हिम तथा हिमनदी, ताल तलैया आदी सम्बन्धि सूचना संकलन, पूर्वसूचना, पूर्वानुमान प्रणालीको संचालन, व्यवस्थापन, विकास, विस्तार गर्ने ।
१०. अन्तराष्ट्रिय नागरिक उडडयन संगठनको मापदण्ड बमोजिम सुरक्षित हवाई उडानका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय विमानस्थलहरुबाट हवाई-मौसम सम्बन्धी पूर्वानुमान, चेतावनी र पूर्वसूचना प्रवाह, आवश्यक प्रणालीको विकास, विस्तार, संचालन र व्यवस्थापन गर्ने ।
११. अतिजन्य मौसमी अवस्थाको नियमित अनुगमन, विश्लेषण, पूर्वसूचना तथा चेतावनी (Nowcasting) प्रवाह गर्ने।
१२. नेपालको ऋतुगत तथा सव-सिजनल जलवायु आंकलन, जलवायु विश्लेषण गर्ने।
१३. जल, मौसम, जलवायु सम्बन्धि तथ्यांक प्रमाणिकरण तथा सूचना आदानप्रदान ।
१४. केन्द्रबाट बागमती प्रदेश अन्तर्गत रहने जल तथा मौसमी केन्द्रहरुको सञ्चालन (स्थापना, मर्मत लगायत) गर्ने गराउने।
१५. जल तथा मौसमी प्रकाशित तथ्याङ्कहरुको विश्लेषण गरी साप्ताहिक, मासिक, वार्षिक, पांच वर्ष, दश वर्ष, ३० वर्ष लगायतको विशेष प्रतिवेदनहरू प्रकाशन गर्ने गराउने ।
१६. जल तथा मौसम केन्द्रहरुको नेटवर्क अभिलेख, सम्वन्धन वा स्वीकृति र नियमन गर्ने ।
१७. जल तथा मौसम विज्ञानसंग सम्बन्धित अध्ययन अनुसन्धान ।

१८. जल तथा मौसमजन्य विपद् अवस्थामा सरोकारवालाहरुसंगको समन्वयमा पूर्वसूचना प्रणालीको विकास, विस्तार तथा सञ्चालन र व्यवस्थापन गर्ने ।
१९. विश्व मौसम संगठन तथा अन्तराष्ट्रिय नागरिक उडडयन संगठन लगायत जल तथा मौसम विज्ञानसंग सम्वन्धित अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय र संघसंस्थाहरु वीच समन्वय सहकार्य तथा सम्वन्ध विस्तार गर्ने ।
२०. Website सञ्चालन र कम्युनिकेसनका लागि IT Telemetry संबन्धि कार्यहरु गर्ने ।
२१. नेपाल सरकार र तालुक मन्त्रालयबाट तोकेका अन्य कार्यहरु समेत गर्ने ।

समग्रमा विभागले जल, जलवायु र मौसम विज्ञान सम्बन्धी तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन, विश्लेषण तथा पूर्वानुमान, अध्ययन, अनुसन्धान, प्रक्षेपण, मोडलिङ र पुर्वसूचना सेवा प्रणालीको विकास, विस्तार, सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्दछ।

## ३ विभागमा रहने कर्मचारी संख्या र कार्यविवरण

विभागमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत (सह-सचिवस्तर) ले महानिर्देशकको रूपमा विभागीय प्रमूख भई दैनिक कार्यसञ्चालन हुदै आएकोछ।यस विभागमा रहेका ४ वटा महाशाखाहरूमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत (सह-सचिवस्तर) ले महाशाखा प्रमूखको रूपमा कार्य गर्ने व्यवस्था छ।

जल तथा मौसम विज्ञान विभाग र अन्तर्गतका कार्यालयहरूमा हाल राजपत्रांकित श्रेणीका ११८ र अन्य श्रेणीका कर्मचारीहरू १४७ गरी २६५ जनाको कुल दरबन्दी कायम रहेको छ।यसको साथै देशभरका जल तथा मौसम अवलोकन केन्द्रहरूमा आंशिक करारमा करिब १००० जना जल तथा मौसम अवलोकनकर्ताहरू कार्यरत छन्।
हाल विभागको केन्द्रिय कार्यालयमा देहायबमोजिम कर्मचारी कार्यरत रहेका छनः
स्थायी स्वीकृत दरबन्दी संख्या :- १०८ जना
करार सेवा कर्मचारीः- ९ जना

हाल विभागमा ४ वटा महाशाखा र २१ वटा शाखाहरू रहेका छन। विभाग मातहत धरान, जनकपुर, पोखरा, कोहलपूर, वीरेन्द्रनगर र अत्तरिया मा गरी ६ वटा जल तथा मौसम विज्ञान कार्यालयहरू, २ वटा अन्तर्राष्ट्रिय विमानस्थल केन्द्रहरू (पोखरा र भैरहवा), तथा २ वटा बेसिन फिल्ड कार्यालयहरु (नारायणी बेसिन फिल्ड कार्यालय, नारायणघाट, चितवन र कर्णाली बेसिन फिल्ड कार्यालय, जुम्ला) रहेका छन।यसै गरी काठमाडौंमा १ वटा किर्तिपुर रेडियोसोन्ड केन्द्र एकाई रहेको छ भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा काठमाडौं एअरपोर्ट एरोसिनप्टिक एकाई सहित भद्रपुर, लुक्ला, तुम्लिङटार,


विराटनगर, सिमरा, जनकपुर, पोखरा, मुस्ताङ, भैरहवा, नेपालगञ्ज, सिमिकोट, सुर्खेत, ताल्चा एयरपोर्टमा गरी १४ वटा  एरोसिनप्टिक फिल्ड केन्द्रहरूका साथै ताप्लेजुङ्ग, ओखलढुङ्गा, धनकुटा, दाङ, जुम्ला, डडेल्धुरा र दिपायलमा गरी ७ वटा सिनप्टिक फिल्ड केन्द्रहरू रहेका छन।

# जल तथा मौसम विज्ञान विभागको संगठन संरचना

नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालय

जल तथा मौसम विज्ञान विभागको संगठन संरचना



स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार विभागमा रहेका शाखाहरू र कार्यविवरण देहायअनुसार रहेका छनः

<table>
<tr><th colspan="2">संक्षेपमा मुख्य-मुख्य कार्यहरू</th></tr>
<tr><th colspan="2">जल तथा हिमविज्ञान महाशाखा</th></tr>
<tr><td colspan="2">१. जल तथा हिम विज्ञान सम्वन्धी नीति, नियम, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने।<br>२. जल तथा हिम विज्ञान सम्वन्धी राष्ट्रिय योजना, अन्तर्राष्ट्रिय मापदण्ड, सन्धि, अभिसन्धिको परिधिभित्र रहेर दिर्घकालिन, अल्पकालिन तथा वार्षिक बजेट, कार्यक्रम तर्जुमा गर्ने।<br>३. देशभर जलविज्ञान सम्बन्धित नदि जलसतह, जलप्रवाहमापन, हिममण्डल (Cryosphere), थिग्रेनी, सतहि तथा भुमिगत जलगुण, जलभण्डारण, ताल तथा जलाशयका मापदण्ड अनुरुप अवयवहरुको मापनको लागि संस्थागत, भौतिक, प्राविधिक, केन्द्रसंजाल विस्तार जस्ता पूर्वाधारहरुको विकास, मर्मतसम्भार, स्तरोन्नति सम्बन्धी कार्य गर्ने।<br>४. जलमापन, हिम, थिग्रेनी, सतहि तथा भुमिगत जलगुण, जलभण्डारण, जल सन्तुलन, ताल तथा जलाशयका मापदण्ड अनुरुप अवयवहरुको तथ्यांक संकलन, प्रशोधन, भण्डारण, विक्रि वितरण, प्रमाणिकरण तथा अभिलेख व्यवस्थापन गर्ने ।<br>५. स्वचालित, अर्धस्वचालित तथा मानव संचालित जलविज्ञान केन्द्रहरुबाट सम्प्रेषण हुने सूचनाहरुको लागि एकिकृत सूचना प्रणाली विकास, संचालन, तथा व्यवस्थापन गर्ने ।<br>६. नदी वेसिन, ताल, जलाशय, हिम, हिमनदी तथा हिमताल लगायत समग्र जलभण्डार (Water Bodies) सम्वन्धी अवलोकन, अनुगमन तथा अध्ययन अनुसन्धान कार्य गर्ने।<br>७. ताल, हिमताल र हिमनदीहरुको नक्साङ्कन, ताल व्याथेमेट्री (Bathymetry), हिमताल विष्फोट जोखिम आंकलन, जोखिम न्यूनिकरणका कार्यहरु गर्ने।<br>८. जलश्रोत, खानेपानी, सिंचाई, उर्जा लगायत क्षेत्रगत आवश्यकता अनुसार जल, हिम, थिग्रेनी, जलगुण सर्वेक्षण लगायतका अध्ययन,अनुसन्धान तथा परामर्श उपलब्ध गराउने सम्बन्धि कार्य गर्ने, गराउने।<br>९. जलकुटनीति तथा अन्तर-वेसिन र सीमा नदीहरुको अध्ययन गर्ने र द्विपक्षिय वार्ता टोलिलाई आवश्यक सुझाव, सल्लाह उपलब्ध गराउने।<br>१०.हिम क्षेत्र लगायत जल तथा जलस्रोतको समुचित विकास र व्यवस्थित उपयोगका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय सरोकारवाला निकाय संग समन्वय, सहकार्य गर्ने र सम्वन्ध स्थापित गर्ने।<br>११.महानिर्देशबाट तोकिए बमोजिम वा प्रत्यायोजित अधिकार बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।</td></tr>
<tr><td>जल तथ्याङ्क तथा नेटवर्क शाखा</td><td>❖ बागमती प्रदेश अन्तर्गत तोकिएका कार्यक्षेत्र अन्तर्गतका जलमापन केन्द्रहरु स्थापना, स्तरोन्नति, स्थानान्तरण सम्बन्धी कार्य गर्ने।<br>❖ जलमापन केन्द्रहरुको भौतिक पूर्वाधार निर्माण, संरक्षण, मर्मत सम्भार र व्यवस्थापन गर्ने।<br>❖ तोकिएका जलमापन केन्द्रहरुको जलसतह तथा जलप्रवाह मापन गर्ने, तथ्याङ्कहरुको संकलन, गुणस्तर परीक्षण, प्रशोधन गर्ने।<br>❖ जलविज्ञान सम्वन्धी देशभरका सम्पूर्ण तथ्याङ्क एकिकृत रुपमा प्रकाशन, विक्री वितरण र विमा दावी तथा अन्य प्रयोजनका लागि तथ्याङ्क प्रमाणीकरण सम्वन्धी कार्य गर्ने,गराउने।<br>❖ जलविज्ञान सम्वन्धी देशभरका मापन केन्द्रहरुको विस्तृत विवरण र अभिलेख अद्यावधिक गर्ने।<br>❖ एकिकृत जलविज्ञान तथ्याङ्क व्यवस्थापन प्रणालीको सञ्चालन र व्यवस्थापन गर्ने ।</td></tr>
</table>

| | |
|---|---|
| | ❖ नयाँ केन्द्र स्थापनका लागि माग वमोजिम सरकारी तथा गैर सरकारी निकायलाई सहमति प्रदान गर्न पेश गर्ने र केन्द्र हस्तान्तरण गर्न समन्वय गर्ने।<br>❖ जल सतह तथा जल प्रवाह तथ्याङ्क तथा केन्द्रहरुको नेटवर्क, अस्थायी/करार र ज्यालादारी जनशक्तिहरुको व्यवस्थापन सम्वन्धमा अन्तर शाखा र मातहतका कार्यलयहरुसंग नियमित समन्वय गर्ने।<br>❖ विभाग तथा मातहतका कार्यालय, आयोजना तथा सरोकारवाला निकायद्वारा स्थापित देशैभरका केन्द्रहरुको अनुगमन तथा मुल्यांकन कार्यहरु गर्ने।<br>❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>❖ शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>१. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **हिम विज्ञान शाखा** | १. हिमाली तथा उच्च पहाडी क्षेत्रका हिम, हिमनदी र हिमतालहरुमा हिममण्डल अवलोकन सम्बन्धि केन्द्रहरुको सम्वन्धित नेटवर्क शाखाको समन्वयमा स्थापना, स्तरोन्नति, स्थानान्तरण तथा संचालन सम्बन्धी कार्य गर्ने।<br>२. हिम केन्द्रहरु तथा हिमताल विष्फोट जोखिम न्यूनीकरण सम्बन्धी भौतिक पूर्वाधार निर्माण, संरक्षण, मर्मत सम्भार र व्यवस्थापन गर्ने।<br>३. हिमाली तथा उच्च पहाडि क्षेत्रका हिममण्डल अध्ययनको लागि आवश्यक हिम केन्द्रहरुबाट जल, हिम अवयवहरुको मापन गर्ने, तथ्याङ्कहरुको संकलन, गुणस्तर परीक्षण, प्रशोधन तथा प्रकाशन गर्ने।<br>४. शाखाबाट संकलन गरिएका तथ्याङ्कहरु केन्द्रिय Database मा ल्याउन सुनिश्चिता गर्ने ।<br>५. हिम, हिमताल र हिमनदीको नियमित अनुगमन, सर्वेक्षण,जोखिम आंकलन र जोखिम न्यूनिकरणका कार्यहरु गर्ने, गराउने ।<br>६. हिमपहिरो, हिमताल विष्फोटन सम्वन्धी पूर्वसूचना प्रणालीको विकास, सञ्चालन र व्यवस्थापन।<br>७. हिमक्षेत्रको हिममण्डलमा हुने परिवर्तन सम्वन्धी नियमित अध्ययन र अनुसन्धान गरी आवधिक रुपमा सूचना, तथ्याङ्क र प्रतिवेदन सार्वजनिक गर्ने।<br>८. हिम, हिमताल र हिमनदीहरुको उपयोग तथा संरक्षण सम्वन्धमा प्रवर्द्धनात्मक कार्यहरु गर्ने।<br>९. हिमनदी र हिमताल जोखिम न्यूनीकरणका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय सरोकारवाला निकाय संग सहकार्य र समन्वयमा कार्यक्रम, योजना, आयोजना तर्जुमा, गर्ने र कार्यान्वय गराउने।<br>१०.शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>११. शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>१२. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |

| | |
|---|---|
| थिग्रेनी तथा जलाशाय शाखा | ❖ देशभरका थिग्रेनी केन्द्रहरुको नेटवर्क डिजाइन, स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने ।<br>❖ थिग्रेनी मापन सम्वन्धी भौतिक पूर्वाधार निर्माण, संरक्षण, मर्मत सम्भार र व्यवस्थापन गर्ने।<br>❖ थिग्रेनी सम्वन्धी तथ्याङ्कहरुको संकलन, गुणस्तर परीक्षण, प्रशोधन र प्रकाशन गर्ने ।<br>❖ शाखाबाट संकलन गरिएका तथ्याङ्कहरु केन्द्रिय Database मा ल्याउन सुनिश्चिता गर्ने ।<br>❖ ताल तथा जलाशय सम्बन्धी आवधिक सर्वेक्षण/सर्भे र अध्ययन गर्ने तथा विस्तृत लेखाजोखा राख्ने, अध्यावधिक गर्ने।<br>❖ थिग्रेनी सम्वन्धी उपयुक्त विधि र प्रारुप पहिचान गरी प्रयोगमा ल्याउने।<br>❖ थिग्रेनी प्रयोगशालाको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने।<br>❖ थिग्रेनी तथ्यांक व्यवस्थापनका लागि विभाग र मातहतका कार्यलयहरु र अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने।<br>❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>❖ शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| जलगुण शाखा | ❖ देशभरका जलगुण केन्द्रहरुको स्थापना, स्तरोन्नति, स्थानान्तरण सम्बन्धी कार्य गर्ने।<br>❖ जलगुण केन्द्रहरुको भौतिक पूर्वाधार निर्माण, संरक्षण, मर्मत सम्भार र व्यवस्थापन गर्ने।<br>❖ नदी, ताल, जलाशय तथा भूमिगत जलको भौतिक, रसायनिक र जैविक अवयवको मापन गर्ने, तथ्याङ्कहरुको संकलन, गुणस्तर परीक्षण, प्रशोधन गर्ने, प्रकाशन तथा विक्रि वितरणका लागि जलविज्ञान तथ्यांक तथा नेटवर्क शाखा सँग समन्वय गर्ने।<br>❖ जलगुण प्रयोगशाला स्थापना, सञ्चालन, तथा व्यवस्थापन गर्ने ।<br>❖ जलगुण सम्वन्धी प्रारुपहरु विकास गर्ने र पूर्वानुमान तथा प्रक्षेपण गर्ने।<br>❖ जलगुण सम्वन्धी अध्ययन अनुसन्धान र राष्ट्रिय अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरुसँग आवश्यक समन्यव-सहकार्य गर्ने।<br>❖ जलविज्ञान सम्वन्धि प्रयोजनका लागि जलगुणको ISotope लगायतका बिशिस्ट गुणहरुको आधुनिक प्रविधि उपयोग गरि भौगर्भिक जलप्रवाह तथा अन्तर बेसिन जलप्रवाह अध्ययन, अनुसन्धान, आंकलन तथा प्रक्षेपण गर्ने।<br>❖ भूमिगत जलको जलगुण सम्बन्धी तथ्यांक संकलन, भण्डारण र सूचना तथा प्रकाशनहरुको अभिलेख राख्ने, प्रक्षेपण गर्ने ।<br>❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>❖ शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |

| बाढी पूर्वानुमान महाशाखा | |
|---|---|
| ❖ बाढि लगायतका जलजन्य प्रकोप सम्वन्धी नीति, नियम, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने।<br>❖ जलजन्य विपद व्यवस्थापन सम्वन्धी राष्ट्रिय योजना, अन्तर्राष्ट्रिय मापदण्ड, सन्धि, अभिसन्धिको परिधिभित्र रहेर दिर्घकालिन, अल्पकालिन योजना तयार गर्ने तथा वार्षिक बजेट, कार्यक्रम तर्जुमा गर्ने।<br>❖ बाढि तथा जलजन्य विपद व्यवस्थापन सम्बन्धी नीति, योजना तथा मापदण्ड अनुरुप अवयवहरुको मापनको लागि संस्थागत, भौतिक, प्राविधिक, केन्द्रसंजाल विस्तार जस्ता पूर्वाधारहरुको विकास, सम्भार, स्तरोन्नति सम्बन्धी कार्य गर्ने ।<br>❖ बाढी पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास, वेसिन स्तरको जलविज्ञान मोडलिङ तथा जलप्रवाह पूर्वानुमान र सो सम्वन्धी अध्ययन, अनुसन्धान गर्ने ।<br>❖ जल, हिम र जलविज्ञान सम्बन्धी प्रारुपहरुको लागि भूसुचना तथा रिमोट सेन्सिङ प्रणालीबाट आवश्यक भूसूचना, तथा तथ्यांक संकलन, व्यवस्थापन गर्ने ।<br>❖ जल तथा हिमविज्ञान सम्बन्धी स्वचालित, अर्धस्वचालित तथा म्यानुअल जलविज्ञान उपकरणहरुको मापदण्ड, स्पेशिफिकेशन समयानुकूल अद्यावधिक राख्ने, उपकरण क्यालिव्रेशन गर्ने, जल बिज्ञान क्षेत्रमा नवीतम सूचना प्रविधिको विकास गर्ने ।<br>❖ बाढी पूर्वानुमान केन्द्रहरु र पूर्वसूचना प्रणालीको विकास, नियमित सञ्चालन, अनुगमन र व्यवस्थापन गर्ने ।<br>❖ बेसिन तथा सबवेसिनस्तरको जलविज्ञान मोडेल तथा बाढी मोडेलहरुको विकास, सञ्चालन, व्यवस्थापन गर्ने ।<br>❖ अन्तर्राष्ट्रिय तथा प्रादेशिक सिमा नदीहरु बहने नदीहरुको विपदको अवस्थामा नियमित अनुगमन गर्ने ।<br>❖ एकिकृत सूचना व्यवस्थापनको लागि केन्द्रिय सर्भर तथा क्लाउड सर्भरको व्यवस्थापन, मर्मत सम्भार गर्ने ।<br>❖ जलजन्य प्रकोपहरुवाट हुने जोखिम न्यूनिकरण गर्न तथा व्यवस्थापनका लागि राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय निकायसँग समन्वय-सहकार्य गर्ने ।<br>१. महानिर्देशबाट तोकिए बमोजिम वा प्रत्यायोजित अधिकार बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । | |
| बाढी पूर्वानुमान शाखा | १. बाढि सूचना केन्द्रहरुको स्थापना, संचालन र व्यवस्थापन गर्ने ।<br>२. बाढी पूर्वानुमान केन्द्रहरुको नेटवर्क डिजाइन, स्थापना, सञ्चालन र तथ्याङ्क व्यवस्थापन गर्ने ।<br>३. बाढी पूर्वसूचना प्रणालीको विकास, संचालन तथा व्यवस्थापन गर्ने।<br>४. बाढी प्रकोप तथा जोखिमका लागि सतर्कता र खतराको तह अनुसार पूर्वसूचना सम्प्रेषण गर्ने।<br>५. वर्षा याममा २४ घण्टे बाढि पूर्वानुमान तथा पूर्वसूचना सेवा सञ्चालन गर्ने र<br>६. प्रमूख नदिहरुमा दैनिक/साप्ताहिक रुपमा जलसतह तथा जलप्रवाह पूर्वानुमान गर्ने ।<br>७. विपदको समयमा सरोकारवाला निकायहरु, मातहतका कार्यालयहरु लगायत जनसमुदायमा बाढी पूर्वसूचना प्रवाह गर्ने।<br>८. आकस्मिक बाढीजन्य विपदहरुको तात्कालिक अवस्था अनुगमन तथा विश्लेषणको गर्ने, सूचना प्रवाह गर्ने ।<br>९. प्रमूख बाढी घटनाहरुको अघि र पछिको अवस्था विश्लेषण (Pre and Post Disaster Analysis) गरी प्रतिवेदन प्रकाशन गर्ने।<br>१०.विपद व्यपस्थापन निकायहरुसँग समन्वय गर्ने, सरोकारवाला निकायहरुलाई बाढी जोखिम, पुर्व तयारी लगायत अन्य आवश्यक परामर्श दिने ।<br>११.शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै |

| | |
|---|---|
| | महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>१२. शाखासंग सम्वन्धित सम्पुर्ण पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>१३. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **जलविज्ञान मोडेलिङ शाखा** | १. जलविज्ञान सम्वन्धी उपयुक्त मोडलहरुको पहिचान, विश्लेषण तथा आवश्यकता अनुसार प्रारुपहरु विकास, व्यबस्थापन र सञ्चालन गर्ने ।<br>२. बेसिन तथा सवबेसिन स्तरको जलप्रवाह तथा बाढि पूर्वानुमान मोडेल विकास तथा संचालन गर्ने।<br>३. संचालनमा रहेका मोडेलहरुको नियमित क्यालिव्रेशन (Calibration), नतिजाहरुको प्रमाणीकरण (Validation) र विश्लेषण गर्ने ।<br>४. प्रचलित जलविज्ञान तथा बाढि मोडलहरुको विषयमा अध्ययन गर्ने, सम्वन्धित निकाय संग सहकार्य गर्ने।<br>५. जलविज्ञान तथा बाढि मोडेलिङ सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।<br>६. बाढि डुबान तथा बाढि जोखिम नक्सांकन गर्ने।<br>७. समूदाय केन्द्रित प्रभावमा आधारित पूर्वसूचनाको लागि सतर्कता र खतरा तह निर्धारण तथा अद्यावधिक गर्ने ।<br>८. आकस्मिक बहाव सम्बन्धीत गेग्रान बहावका प्रारुपहरुको विकास तथा जलजन्य पूर्वसूचना प्रणाली स्थापना, संचालन गर्ने।<br>९. जलविज्ञान तथा बाढि पूर्वानुमान र पूर्वसूचनाको लागि Decision Support System विकास तथा संचालन गर्ने।<br>१०. शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>११. शाखासंग सम्वन्धित सम्पुर्ण पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>१२. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **जलविज्ञान अन्वेषण तथा परामर्श शाखा** | १. उर्जा, कृषि तथा सिंचाई र सडक पुल लगायतका भौतिक पूर्वाधारको लागि आवश्यक हाइड्रोलोजिकल सर्भेक्षण तथा परामर्श सेवा प्रदान गर्ने ।<br>२. जल तथा हिमविज्ञान सम्वन्धी नर्म्स, मापदण्ड, दिग्दर्शन, निर्देशिका र कार्यविधि तयार गर्ने।<br>३. सतहि तथा भौगर्भिक जल भण्डारण र समग्र जल सन्तुलन स्थितिको अध्ययन अनुसन्धान तथा अभिलेखीकरण गर्ने।<br>४. जल तथा हिममण्डल अध्ययनको लागि आवश्यक डिजिटल एलिभेसन मोडल (DEM), Soil, Vegetation, Land Cover, Topography लगायत को लागि आवश्यक UAV तथा LIDAR सर्वेक्षण गर्ने, गराउने ।<br>५. जलवायू परिवर्तनबाट श्रृजित पर्वतिय जलभण्डारणमा पर्ने प्रभावको आंकलन, प्रक्षेपण गर्ने। |

| | |
|---|---|
| | ६. जल तथा हिमविज्ञान सम्बन्धित अन्तरराष्ट्रिय सन्धी सम्झौता अनुरुप आवश्यक प्रतिवेदनहरु तयारी गर्ने । <br> ७. अन्तर्देशीय जलस्रोत बाँडफाँड तथा जलजन्य विपद न्यूनीकरणका लागि आवश्यक प्राविधिक समन्वय गर्ने । <br> ८. जलविज्ञान सम्वन्धी कार्यशाला, गोष्ठी, तालिम तथा कार्यक्रम आयोजना गर्ने तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि र अभिमुखिकरण गर्ने। <br> ९. अनुसन्धान केन्द्र, प्राज्ञिक संघ संस्थाहरुसँग अनुसन्धानात्मक कार्यहरुमा सहकार्य र समन्वय गर्ने, गराउने। <br> १०.शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने । <br> ११.शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने । <br> १२. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **शहरी जलविज्ञान तथा रिमोट सेन्सिङ शाखा** | १. शहरी जल सम्बन्धी पूर्वसूचना प्रणाली विकास र संचालन गर्ने । <br> २. शहरी बाढी जोखिम नक्सांकन गर्ने । <br> ३. शहरी बाढी सम्बन्धी मोडेल विकास, मोडेलको लागि आवश्यक Drainage Network, खोलानाला, वस्ती, भूमिगत जल सम्बन्धी तथ्यांक तथा सूचना संकलन, र पूर्वाधारहरु विकास गर्ने । <br> ४. भौगोलिक क्षेत्रगत (Geo-Spatial) तथ्याङ्क तयारी, गुणस्तर परीक्षण, भण्डारण तथा व्यवस्थापन गर्ने । <br> ५. विभागको आवश्यकता एवं अन्य निकाय वा संस्थाको माग अनुसार रिमोट सेन्सिङ्ग सम्बन्धि नक्साहरु तयार गर्ने, तथ्याङ्क उपलब्ध गराउने । <br> ६. हिममण्डल, नदी, हिमनदी, ताल, हिमताल, जलाशय, हिमपहिरो, डुबान, बाढी, हिमताल विष्फोटन (GLOFs), पहिरोजन्य बाँध (LDOFs) र विषम जल घटनाहरु (Extreme Hydrological events) को अनुगमन तथा जोखिम विश्लेषणको लागि रिमोट सेन्सिङ सेवा प्रदान गर्ने। <br> ७. रिमोट सेन्सिङ तथा भूसुचना प्रयोगशाला स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने। <br> ८. भु-उपग्रहसंग सम्बन्धित शाखा वा निकायसंग सहकार्य र समन्वय गरी आवश्यक सूचनाहरु प्रवाहको व्यवस्था मिलाउने । <br> ९. शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने । <br> १०. शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने । <br> ११. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **जलविज्ञान टेलिमेट्रि शाखा** | १. जल तथा हिमविज्ञान उपकरण खरिद, गुणस्तर परिक्षण, भण्डारण, मर्मत सम्भार गर्ने तथा व्यवस्थापन गर्ने । <br> २. शाखासंग सम्वन्धित स्वचालित उपकरणद्वारा तथ्यांक संकलनका लागि टेलिमेट्री प्रविधिको प्रयोग, संचालन तथा व्यवस्थापन गर्ने । |

<table>
<tr><td></td><td>३. जलविज्ञान उपकरण, यन्त्रहरुको प्राविधिक मापदण्ड निर्धारण, समयसापेक्ष अद्यावधिक गर्ने ।<br>४. जलविज्ञान उपकरण क्यालिव्रेशन प्रयोगशाला संचालन तथा गुणस्तर व्यवस्थापन गर्ने।<br>५. जलविज्ञान उपकरण स्थलगत क्यालिव्रेशन गर्ने।<br>६. जलविज्ञान सम्वन्धी सम्पूर्ण उपकणहरुको एकिकृत अभिलेख प्रणालीको विकास गर्ने ।<br>७. राष्ट्रिय सर्भरमा व्यवस्थापनको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रसँग समन्वय गर्ने ।<br>८. शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>९. शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>१०. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।</td></tr>
<tr><td colspan="2">जलवायु विज्ञान महाशाखा</td></tr>
<tr><td colspan="2">१. जलवायु विज्ञान (Climate) सम्वन्धी नीति, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि कार्यान्वयनको साथै अध्ययन, अनुसन्धान, परामर्श लगायतका कार्यहरु गर्ने, गराउने ।<br>२. जलवायु विज्ञान सम्बन्धि सम्पूर्ण क्रियाकलापहरुको संचालन, योजना, विकास र विस्तार व्यवस्थापनको साथै अनुगमन, मुल्याङ्कन, नियमन, बार्षिक योजना कार्यान्वयन तथा प्रगति प्रतिवेदन सम्बन्धि कार्य गर्ने गराउने।<br>३. जलवायु विज्ञान सम्वन्धि एकिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको संचालन गर्ने गराउने ।<br>४. हावापानी नेटवर्क व्यवस्थापन, तथ्यांक संकलन, गुणस्तर परिक्षण, प्रशोधन, प्रकाशन, प्रमाणिकरण तथा बिक्रि वितरणको व्यवस्थापन गर्ने ।<br>५. जलवायु विज्ञान सम्बन्धि प्रारुप संचालन, विश्लेषण, आंकलन, सूचना संप्रेषणको साथै तथ्यांक संकलन, प्रकाशन गर्ने ।<br>६. जलवायु केन्द्रहरुको स्थापना, संचालन, स्तरोन्नति, स्थानान्तरण वा केन्द्र मिलानमा मातहतका कार्यालयहरुलाई सहमति प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।<br>७. मौसम तथा जलवायु केन्द्रहरुको नियमित सञ्चालनार्थ आवश्यक उपकरण, स्पेयर्स र मर्मत सम्भारको ब्यवस्था मिलाउने ।<br>८. विभाग मातहतका कार्यालय तथा केन्द्रहरुलाई कृषि मौसम र जलवायु सम्वन्धस सूचना तयार गर्न प्राविधिक सहयोगको ब्यवस्था मिलाउने ।<br>९. जलवायु सम्वन्धी राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय स्तरका सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसंग सम्पर्क, समन्वय र सहकार्य गर्ने।<br>१०.हावापानी नेटवर्क सम्वन्धि अध्ययन अनुसन्धान, सम्वन्धन तथा नियमन ।<br>११. महानिर्देशकबाट तोकिए बमोजिम वा प्रत्यायोजित अधिकार बमोजिम अन्य थप कार्य गर्ने, गराउने ।</td></tr>
<tr><td>जलवायु तथ्याङ्क तथा नेटवर्क शाखा</td><td>१. जलवायु विज्ञान सम्वन्धि एकिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको संचालन, अनुगमनको साथै नियमित रुपमा तथ्यांकहरुको संकलन, गुणस्तर परिक्षण, प्रशोधन र प्रकाशन गर्ने ।<br>२. सरोकारवालाहरुको माग वमोजिम प्रचलित विधि पुऱ्याई जलवायु विज्ञान सम्वन्धी प्रशोधित तथ्याङ्क विक्री वितरण<br>३. विमा दावी तथा अन्य प्रयोजनका लागि हावापानीका तथ्याङ्क/प्रकोप प्रमाणीकरण सम्वन्धी कार्य गर्ने ।<br>४. जलवायु तथ्यांक अवलोकन, संकलन, प्रशोधन, प्रकाशन तथा गुणस्तर व्यवस्थापनमा एकरुपता कायम गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।</td></tr>
</table>

| | |
|---|---|
| | ५. जलवायु तथ्यांक तथा नेटवर्क व्यवस्थापन सम्बन्धमा अन्तर शाखा र मातहतका कार्यालयहरु तथा प्रदेश र स्थानीय तहसंग आवश्यक समन्वय तथा सहकार्य गर्ने ।<br>६. आफ्नो वा अन्य निकायसंगको सहकार्यमा गरिने मौसम केन्द्रहरुको स्थापना, संचालन, स्तरोन्नति, स्थानान्तरण वा केन्द्र मिलानमा विभागीय सहमति प्रदान आवश्यक समन्वय गर्ने।<br>७. त्रैमासिक/बार्षिक रुपमा मातहतका कार्यालयहरुबाट प्राप्त हुने केन्द्र तथा तथ्यांक सम्बन्धि विस्तृत विवरणको अभिलेख अध्यावधिक गर्ने ।<br>८. नेटवर्क सञ्चालन, केन्द्रको इन्डेक्स नम्बर दिने, सम्वन्धन तथा नियमन गर्ने<br>९. केन्द्र स्थापना तथा सञ्चालन सम्वन्धि विभागको योजना तयार गर्ने ।<br>१०.जलवायु विज्ञानसंग सम्बन्धि कार्यशाला, गोष्ठि, तालिम तथा कार्यक्रम आयोजना गर्ने<br>११.शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन गरी प्रतिवेदन गर्ने ।<br>१२.शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>१३. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।<br>१४. महाशाखाबाट तोकिएअनुसारका अन्य थप कार्यहरु गर्ने |
| **जलवायु विश्लेषण शाखा** | १. जलवायु सम्बन्धि तथ्याङ, आंकलन, बुलेटिन, अध्ययन, अनुसन्धान, सूचना तथा जानकारीहरुको संकलन, विश्लेषणको साथै देशैभरका जलवायुको अवस्थाको नियमित अनुगमन गर्ने<br>२. जलवायु सम्बन्धि प्रारुप (Climate Model) संचालन तथा प्राप्त आंकलनको विश्लेषण गर्ने र विश्लेषित आंकलनहरु मातहतका निकायहरुमा समेत पठाउने।<br>३. जलवायुको दैनिक, साप्ताहिक, मासिक, ऋतुगत र बार्षिक अवस्थाको नियमित वुलेटिन तयार गरीआवश्यकता अनुसार सरोकारवालाहरुलाई संप्रेशण गर्ने ।<br>४. विषम जलवायुको अवस्थामा विशेष सूचकहरु (Index) तथा उच्च हिमालय क्षेत्रको हिउँ ऊर्जा सन्तुलनको थप अध्ययन, अनुसन्धान गरी विश्लेषण तयार गर्ने ।<br>५. जलवायु विश्लेषण सम्वन्धि सूचना र वुलेटिनहरु विभाग मातहतका कार्यालयमा पठाउने तथा माग बमोजिम प्रदेश र स्थानीय तहलाई सेवा प्रवाहको व्यवस्था मिलाउने ।<br>६. जलवायु सम्बन्धि तथ्यांक, आंकलन, बुलेटिन, सूचना तथा जनकारीहरुको अभिलेख अध्यावधिक गर्ने ।<br>७. नेपालको लागि उपयुक्त जलवायु परिवर्तन प्रारुपहरु (Global Climate Model) को छनोटको लागि अध्ययन अनुसन्धान गर्ने तथा नेपालको जलवायु विश्लेषण, आंकलन गर्ने ।<br>८. जलवायु परिवर्तन सम्बन्धी क्षेत्रिय गणितिय प्रारुपहरु (Regional Dynamical Climate Model) विकास तथा प्रारुपहरु संचालन गर्ने।<br>९. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सम्वन्धित निकाय तथा अन्य सरोकारवाला संस्थाहरुसंग नियमित अन्तर्क्रिया, छलफलको साथै सहकार्य गर्ने<br>१०.शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन गरी प्रतिवेदन गर्ने ।<br>११. शाखासंग सम्वन्धित सम्पुर्ण पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । |

| | |
|---|---|
| | १२. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **कृषि मौसम शाखा** | १. कृषि जलवायु सम्बन्धि तथ्याङ, आंकलन, बुलेटिन, अध्ययन, अनुसन्धान, सूचना तथा जानकारीहरुको संकलन, विश्लेषणको साथै देशैभरका कृषि जलवायुको अवस्थाको नियमित अनुगमन गर्ने<br>२. कृषि जलवायु सम्बन्धि प्रारुप संचालन तथा प्राप्त आंकलनको विश्लेषण गरि नियमित रुपमा कृषि मौसम सम्बन्धि दैनिक, साप्ताहिक, मासिक, बार्षिक वुलेटिन तयार गर्नुका साथै कृषि सम्बन्धि प्रकोप या अन्य विषम परिस्थितिमा समेत विशेष बुलेटिन तयार गर्ने ।<br>३. कृषि मौसम र जलवायु सम्बन्धि सूचकहरु (Index) को थप अध्ययन, अनुसन्धान गरी विश्लेषण तयार गर्ने ।<br>४. राष्ट्रिय साप्ताहिक कृषि मौसम सल्लाह बुलेटिन तयार गर्न कृषिसंग सम्बन्धित निकायहरुलाई आवश्यक तथ्यांक, आंकलन लगायतका सूचना तथा जानकारीहरुको साथै अन्य सरोकारवाला निकायहरुलाई कृषि मौसम सम्बन्धि तथ्यांक, आंकलन, सूचना तथा जानकारी नियमितरुपमा संप्रेषण गर्ने ।<br>५. कृषि मौसमसंग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका निकाय तथा अन्य सरोकारवाला संस्थाहरुसंग नियमित अन्तर्क्रिया, छलफल मार्फत राय, परामर्श प्रदान गरि आवश्यकता अनुसार सहकार्य समेत गर्ने ।<br>६. कृषि जलवायु सम्बन्धि तथ्यांक, आंकलन, बुलेटिन, सूचना तथा जनकारीहरुको अभिलेख अध्यावधिक गर्ने ।<br>७. कृषि जलवायु विश्लेषण शाखाको वार्षिक योजना कार्यक्रम तथा आवधिक प्रगति प्रतिवेदन तयार गर्ने ।<br>८. कृषि जलवायु विश्लेषण शाखा अन्तर्गतका कर्मचारीहरुको जिम्मेवारि बाँडफाँड तथा केन्द्र निरिक्षण भ्रमणको योजना तयार गर्ने ।<br>९. कृषि जलवायु विश्लेषण सम्वन्धि सूचना र वुलेटिनहरु विभाग मातहतका कार्यालयमा पठाउने तथा माग बमोजिम प्रदेश र स्थानीय तहलाई सेवा प्रवाहको व्यवस्था मिलाउने ।<br>१०. कृषि जलवायु तथ्यांक संकलन, विश्लेषण, आंकलन तथा प्रारुप संचालन लगायतका विषयहरुमा कार्यशाला, गोष्ठि, तालिम तथा कार्यक्रम आयोजना गर्ने ।<br>११. तोकिएअनुसारका अन्य थप कार्यहरु गर्ने । |
| **मौसम उपकरण ब्यवस्थापन तथा क्यालिव्रेसन शाखा** | ❖ वागमती प्रदेश अन्तर्गतका म्यानुअल तथा स्वचालित मौसम केन्द्रहरुको उपकरणहरुको व्यवस्थापन, उपकरण सञ्चालन भएनभएको अभिलेख गर्ने गराउने।<br>❖ उपकरण खरिद, सञ्चालन र मर्मतसम्भारका लागि आवश्यक म्यानुअल तथा मापदण्डहरु तयार गरी मातहतका निकायमा समेत पठाउने र मापदण्ड बमोजिम काम भए नभएको अनुगमन गर्ने ।<br>❖ मौसम सम्बन्धि उपकरणहरुको लागि केन्द्रिय क्यालिव्रेशन ल्याव सञ्चालन तथा व्यवस्थापन गर्ने ।<br>❖ रेडियोसोण्ड उपकरणहरुको ब्यवस्था मिलाउने तथा नियमित अनुगमन र मर्मतसुधार गर्ने गराउने।<br>❖ देशभरका स्वचालित मौसम मापन केन्द्रहरुमा जडान भएका मौसम उपकरणहरुको लगत राख्ने ।<br>❖ देशभरका स्वचालित मौसम मापन केन्द्रहरुको सञ्चालनार्थ स्पेशिफिकेशन तथा अनुगमनका लागि आवश्यक मापदण्ड र निर्देशिकाको खाँका तयार गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाको निर्णय भएपश्चात कार्यन्वयनका गर्ने गराउने ।<br>❖ स्वचालित केन्द्रहरुको तथ्याङ्क नियमितरुपमा केन्द्रिय सर्भरमा प्राप्त हुने गरी सुचना प्रविधि शाखाको |

| | |
|---|---|
| | समन्वयमा आवश्यक व्यवस्था मिलाउने र केन्द्रहरुबाट नियमित तथ्याङ्क सम्प्रेषण भए नभएको अनुगमन गर्ने<br>❖ विभाग मातहतका कार्यालयहरुबाट म्यानुअल केन्द्रका उपकरणहरुको हकमा मर्मत सम्भार हुन नसकेका मौसम उपकरणहरु विभागको ल्यावमा ल्याइ मर्मत सम्भार गर्ने र मर्मत गरी सम्बन्धित निकायमै पठाउने ।<br>❖ मौसम विज्ञानमा आवश्यक पर्ने मौसम उपकरणहरुको ब्यवस्था मिलाउने र निर्देशन बमोजिम जडान गर्न आवश्यक ब्यवस्था मिलाउने ।<br>❖ रेडियोसोण्ड केन्द्र तथा अन्य विशेष मौसम केन्द्रहरुको सञ्चालनार्थ आवश्यक उपकरणको व्यवस्थापन, मर्मत सम्भार र सो केन्द्रहरुबाट प्राप्त तथ्याङ्कहरुको अनलाइन अनुगमन गर्ने गराउने तथा प्राप्त सुचनाहरु आवश्यकता अनुसार सम्वन्धित सम्वन्धित शाखामा उपलब्ध गराउने ।<br>❖ स्वचालित केन्द्रबाट प्राप्त तथ्याङ्कहरुको अनलाइन अनुगमनबाट भेरिफिकेशन (Online data Verification) गरी गराइ तथयाङ्कको गुणस्तर कायम राख्न आवश्यक पल्याटफर्म निर्माण गर्ने गराउने ।<br>❖ विभाग मातहतका कार्यालयहरुबाट बर्षा र तापक्रम जस्ता मौसम सेन्सरहरुको खरिद कार्यमा आवश्यक विभागीय प्राविधिक सहयोग प्रदान गर्ने तथा अन्य मौसम सेन्सरहरु विभागबाट खरिद गर्न आवश्यक ब्यवस्था मिलाउने ।<br>❖ मातहतका निकायहरुबाट माग भै आएका स्पेयर्स उपकरणहरु विभागको मौज्दातबाट आवश्यकता हेरी पठाउने र लगत राख्ने । विभागमा उपलब्ध नभएमा सो को जानकारी सम्वन्धित निकायलाई दिने ।<br>❖ देशभर विमानस्थल भित्र जडान रहेका स्वचालित मौसम केन्द्रहरुको तथ्याङ्क नियमितरुपमा केन्द्रिय सर्भरमा प्राप्त हुने गरी आवश्यक ब्यवस्था मिलाउने र नियमित तथ्याङ्क सम्प्रेषण भए नभएको अनुगमन गर्ने ।<br>❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने। |
| किर्तिपुर रेडियोसोण्ड केन्द्र | १. रेडियोसोण्ड उडान<br>२. रेडियोसोण्डबाट प्राप्त तथ्याङ्कको अनुगमन तथा अभिलेखीकरण र सम्प्रेषण |
| **मौसम पूर्वानुमान महाशाखा** | |

<table>
<tr><td colspan="2">
१. सर्वसाधारण मौसम तथा उड्डयन मौसमसंग सम्वन्धी नीति, नियम, मापदण्ड, योजना तथा वजेट तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने।<br>
२. मौसमजन्य विपद व्यवस्थापन सम्वन्धी राष्ट्रिय योजना, अन्तर्राष्ट्रिय मापदण्ड, सन्धि, अभिसन्धिको परिधिभित्र रहेर दिर्घकालिन, अल्पकालिन योजना तयार गर्ने तथा वार्षिक बजेट, कार्यक्रम तर्जुमा गर्ने।<br>
३. सर्वसाधारण मौसम, सेक्टोरल मौसम तथा उड्डयन मौसम सेवा प्रवाहका लागि संस्थागत, भौतिक, प्राविधिक पूर्वाधारहरुको विकास, सम्भार, स्तरोन्नति सम्बन्धी कार्य गर्ने।<br>
४. मौसम सम्वन्धि प्रारुपहरु संञ्चालन, मौसम राडार तथा भूउपग्रह लगायतका थप प्रविधिको व्यवस्थापन गर्दै देशभरको दैनिकरुपमा मौसम अवस्थाको नियमित अनुगमन, विश्लेषण गर्न आवश्यक प्रवन्ध मिलाउने ।<br>
५. सर्वसाधारणका लागि मौसम पुर्वानुमान लगायत पर्वतारोहण, कृषि तथा विभिन्न मुख्य शहरहरुको दैनिक पुर्वानुमान तथा अन्य क्षेत्रबाट माग भए वमोजिमको थप मौसम पुर्वानुमान सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।<br>
६. ICAO को मापदण्ड अनुसार त्रिभुवन विमानस्थलबाट उड्डयन मौसम सुचनाहरु (METAR, SPECI) र पुर्वानुमान सेवाहरु (TAF, TREND FORECAST, AVIATION ENROUTE FORECAST, TAKE OFF AND LANDING FORECAST etc) प्रवाह गर्न आवश्यक प्रवन्ध मिलाउने ।<br>
७. काठमाण्डौ एयरपोर्ट एरोसिनप केन्द्र सञ्चालन तथा सञ्चार उपकरणको व्यवस्थापन, देशभर रहेका एरोसिनप्टिक तथा सिनप्टिक केन्द्रहरुले भू सतहबाट मापदण्ड बमोजिम संकलित तथ्याङ्क, मौसम सूचना तथा अन्य जानकारीहरु प्राप्त गरी विश्लेषण गर्न र WMO/ICAO संग सुचना आदान प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।<br>
८. देशभरका अन्तराष्ट्रिय विमानस्थलहरुमा हवाई मौसम सेवाको गुणस्तर कायम राख्न आवश्यक कार्यक्रम गर्ने गराउने ।<br>
९. प्रचलित निजामती सेवा ऐन नियम अनुसार मातहतका शाखा तथा कर्मचारीहरुको काम, कर्तब्य र अधिकार तोकी अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गर्नुका साथै विभाग अन्तर्गतका महाशाखा र कार्यालयहरु तथा उड्डयनसंग सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य समेत गर्ने ।<br>
१०.महाशाखा र शाखासंग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्नुको साथै महाशाखाको कार्यसंग सम्बन्धित क्षेत्रको तालिम, कार्यशाला, अध्ययन, अनुसन्धान गर्ने, गराउने तथा महा-निर्देशकज्युबाट माग भए अनुसार राय परामर्श दिने ।<br>
११. महानिर्देशबाट तोकिए बमोजिम वा प्रत्यायोजित अधिकार बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।
</td></tr>
<tr><td>मौसम पूर्वानुमान शाखा</td><td>
१. उपलब्ध मौसम प्रारुपहरु, मौसमसंग आवश्यक प्रविधि तथा भूउपग्रहहरुबाट प्राप्त वायुमण्डलको तस्बिर लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय मौसम केन्द्रहरुबाट प्राप्त , सूचना, तथा जानकारीहरुको ३६५ दिन दुई सिफ्टमा नियमित अनुगमन तथा विश्लेषण गर्ने ।<br>
२. शाखाबाट आवश्यकता अनुसार मनसुन अवधिमा २४ सै घण्टा मौसम पुर्वानुमान तथा पूर्वसूचना सेवा प्रदान गर्ने ।<br>
३. देशभरको समग्र मौसम अवस्थाको नियमित अनुगमन तथा विश्लेषण गरि सर्वसाधारणका लागि दैनिकरुपमा नियमित मौसम पूर्वानुमान तथा अन्य क्षेत्रबाट माग भए बमोजिमका थप मौसम पुर्वानुमान र सुचनाहरु प्रदान गर्ने ।<br>
४. देशभर स्थापित सिनोप्टिक केन्द्रहरुबाट WMO को मापदण्ड अनुसार तीन तीन घण्टामा अवलोकन गरिएका मौसम तथ्याङ्क तथा सुचनाहरु संकलन गरि WMO को संजालमा संप्रेषण गर्ने तथा दक्षिण एसिया लगायतका आसपास क्षेत्रमा अवलोकन गरिएका मौसम हरु समेत प्राप्त गरी दैनिक रुपमा तोकिए बमोजिम सतही मौसम नक्सामा उतार गरी समग्र मौसमको विश्लेषण गर्ने ।<br>
५. दैनिक विहान/साँझ दुइपटक मौसम पूर्वानुमान (Today/Tonight Weather Forecast), आगामी पाँच
</td></tr>
</table>

| | |
|---|---|
| | देखि सात दिनसम्मको दैनिक मौसम पुर्वानुमान बुलेटिन (Weather Forecast Bulletin), आगामी २४ घण्टाको पर्वतारोहण/उच्च हिमाली मौसमको लागि मौसम पुर्वानुमान (Mountain Forecast) र देशका मुख्य शहरहरुको दैनिक विहान/साँझ दुइपटक मौसम पुर्वानुमान (City Weather Forecast) प्रदान गर्ने ।<br>६. अतिजन्य र विषम मौसम अवस्था (जस्तै भारि वर्षा, जाडोको समयमा देखा पर्ने हुस्सु, कुहिरो तथा शितलहरका साथै गर्मि मौसममा देखा पर्ने सुख्खा खडेरि, तातो हावा, आँधिवेहरी) बाट जनताको जीउ धनको सुरक्षा र न्युनीकरणको लागी तत्कालै आकस्मिक वुलेटिन तथा चेतावनी तयार गरी महाशाखा मार्फत जारी गर्ने र विभिन्न संचार माध्यमबाट संप्रेशण तथा अध्यावधिक गर्दै इमेलबाट विपदसंग सम्बन्धित सरकारी निकायमा जानकारी दिने । ।<br>७. मौसम राडार, रेडियोसोण्ड केन्द्र लगायत विशेष मौसम केन्द्रहरुबाट प्राप्त हरु तथा सम्वन्धित शाखाबाट प्राप्त प्रडक्टहरुको समेत विश्लेषण गरी पूर्वानुमान तथा पूर्वसूचना दिने तथा अभिलेख समेत गर्ने ।<br>८. टेलिफोन लगायतका संचार माध्यमबाट माग भए बमोजिम मौसम सम्बन्धि दैनिक तत्कालै मौसम पुर्वानुमान, सुचना र जानकारी दिने तथा आवश्यकता अनुसार दैनिक मेडिया व्रिफिङ्ग समेत गर्ने ।<br>९. शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभागका शाखाहरु तथा विभिन्न सरकारी र गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>१०.शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>११. शाखासंग सम्वन्धित सम्पुर्ण पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने ।<br>१२. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| उडडयन मौसम मापदण्ड तथा समन्वय शाखा | १. राष्ट्रिय तथा अन्तराष्ट्रिय उडानलाई मौसमका दृष्टिले विश्वसनीय र भरपर्दो बनाउन विभाग मातहतका शाखा/कार्यालय/ विमानस्थल स्थित उड्डयन मौसम केन्द्रहरु, सम्बन्धित विमानस्थलहरु र उड्डयनसंग सम्वन्धि निकायहरुसंग सम्बन्ध विस्तार, समन्वय र सहकार्य गर्ने ।<br>२. नेपाल नागरिक उडडयन प्राधिकरणसंग आवश्यकता अनुसार समझदारी पत्र तयार गर्न समन्वय गर्ने र माग बमोजिम देशभरका विमानस्थलहरुमा हवाई मौसमसंग सम्वन्धित , सुचना तथा पूर्वानुमानहरु उपलब्ध गराउन खाँका तयार गरी महाशाखामा पेश गर्ने र निर्देशन बमोजिम आवश्यक ब्यवस्था मिलाउने ।<br>३. देशभरका राष्ट्रिय तथा अन्तराष्ट्रिय विमानस्थलहरुबाट प्रवाह हुने हवाई मौसम सूचना र पूर्वानुमानमा गुणस्तर कायम गर्न एकिकृत प्रणालीको विकास र स्थापना गरी अनुगमन, समन्वय गरी निर्देशनहरु कार्यन्वयन गर्ने गराउने ।<br>४. उड्डयन मौसमसंग सम्बन्धित ICAO तथा WMO ले तोके वमोजिमका मापदण्ड र निर्देशिकाहरुको पालना गर्ने, गराउने तथा शाखाको कार्य प्रकृतिसंग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी निकायहरुसंग फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>५. ICAO को संजाल तथा विमानस्थलहरुमा रहेका AWOS केन्द्रहरुको अनुगमन, संचालनको सुनिश्चितता, |

| | |
|---|---|
| | उपकरण क्यालिब्रेशन, इन्भेन्ट्रि निर्माण र ICAO को संजाल लगायत हवाई मौसमसंग संवद्ध प्रविधिहरु तथा संचार ब्यवस्था दुरुस्त राख्न आवश्यक योजना निर्माण गर्ने तथा कार्यक्रम सञ्चालन गर्ने गराउने ।<br>६. ICAO तथा WMO को मापदण्ड र निर्देशिका बमोजिम उड्डयन मौसम सेवा प्रवाहका लागि आवश्यक निर्देशिका, मानक सञ्चालन प्रक्रियाहरू (Standard Operating Procedures), दिशानिर्देशहरू (Guidelines) आदी तयार गर्ने र सेवाको गुणस्तर कायम राख्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विमानस्थलमा कार्यरत कर्मचारीहरुका लागि विभिन्न तालिम, कार्यशाला र कार्यक्रम आयोजना गर्ने वा सहभागी हुने ।<br>७. देशभर विमानस्थलहरुमा हवाई मौसम सेवाको आन्तरिक अडिट गरी महाशाखा मार्फत विभागमा प्रतिवेदन गर्ने र निर्देशन बमोजिम बाह्य अडिटमा समेत आवश्यक सहयोग गर्ने ।<br>८. शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन तथा प्रतिवेदन गर्ने गराउने ।<br>९. शाखासंग सम्वन्धित सम्पुर्ण सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>१०. महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **मौसम मोडेलिङ्ग शाखा** | १. मौसमसंग सम्वन्धि विभिन्न प्रारुपहरुको नियमित सञ्चालन गर्ने ।<br>२. मौसम प्रारुपबाट प्राप्त हालको तीनको प्रारुपलाई पाँच दिन देखि सात दिनसम्मको पूर्वानुमानहरुको विश्लेषण तयार गर्ने र सम्वन्धित शाखाहरुमा उपलब्ध गराउने वा गराउन आवश्यक ब्यवस्था मिलाउने ।<br>३. प्रारुपहरुलाई समय समयमा क्यालिब्रेशन (Calibration) तथा पूर्वानुमानहरुको भ्यालिडेशन (Validation) समेत गर्ने गराउने।<br>४. प्रारुपहरुबाट प्राप्त पूर्वानुमान सही र भरपर्दो बनाउन विभिन्न Experimental study गर्ने गराउने ।<br>५. प्रारुपहरुबाट प्राप्त मौसम पूर्वानुमानको स्तर मापन गर्न मासिक, ऋतुगत, वार्षिकरुपमा Weather Forecast Verification विवरण तयार गर्ने ।<br>६. नेपालका लागि उपयुक्त प्रारुपहरुको पहिचान, विश्लेषण तथा सिफारिस गर्ने<br>७. प्रारुप सञ्चालन गरी पर्यटन मौसम पूर्वानुमान तथा पूर्वसुचना तयार गरी सम्वन्धित शाखालाई वा वेभसाइट मार्फत उपलब्ध गराउने ।<br>८. शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>९. शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>१०.शाखासंग सम्वन्धित सम्पुर्ण प्रारुप पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>११. महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने । |

| | |
|---|---|
| राडार ब्यवस्थापन तथा संचार शाखा | १. देशभरका मौसम राडार लगायतका आणविक विकिरण केन्द्र, चट्टयाङ्ग केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने तथा आवश्यकता अनुसार मातहतको कार्यालयलाई सहयोग गर्ने।<br>२. मौसम राडार लगायतका केन्द्रहरुको नियमित सञ्चालनका लागि आवश्यक स्पेयर्सहरुको व्यवस्थापन मिलाउने ।<br>३. मौसम राडार लगायतका उपकरणहरुको व्यवस्थापनका लागि आवश्यक मापदण्ड र निर्देशिकाको खाँका तयार गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाको निर्णय भएपश्चात कार्यन्वयनका लागि मातहतका राडारसंग सम्वन्धित निकायमा समेत पठाउने ।<br>४. मौसम राडार सञ्चालन र मर्मतसम्भार लगायत प्रडक्ट उत्पादनका लागि आवश्यक म्यानुअलहरु तयार गर्ने पठाउने र मापदण्ड बमोजिम कार्यहरु भए नभएको अनुगमन गर्ने ।<br>५. मौसम राडार लगायतका केन्द्रहरुको नियमित क्यालिव्रेशन गर्ने गराउने ।<br>६. राडार केन्द्र लगायतका केन्द्रहरुको तथ्याङ्क नियमितरुपमा केन्द्रिय सर्भरमा प्राप्त हुने गरी संचार व्यवस्था मिलाउने र सम्वन्धित शाखाहरुको प्रयोगका लागि आवश्यक स्वचालित प्रणालीको व्यवस्थापन र सफ्टवयर / पल्याटफर्म विकास गर्ने ।<br>७. मौसमसंग सम्वन्धि संचार प्रणालीको सञ्चालन मर्मत सम्भार गर्ने गराउने र लगत राख्ने ।<br>८. विभाग मातहतका कार्यालयहरुका कर्मचारीहरुलाई मौसमसंग सम्वन्धित संचार उपकरणहरु तथा मौसम राडार केन्द्र सञ्चालनका लागि आवश्यक मर्मत सम्भार तालिम उपलब्ध गराउने ।<br>९. मौसम राडारको तथ्याङ्क प्रशोधन गरी प्रडक्टहरु सम्वन्धित शाखामा उपलब्ध गराउने र सर्भरमा अभिलेख गर्ने ।<br>१०.अनलाइन अनुगमनबाट भेरिफिकेशन (Online data Verification) गरी गराइ तथ्याङ्कको गुणस्तर कायम राख्न आवश्यक पल्याटफर्म निर्माण गर्ने गराउने ।<br>११.शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>१२.शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।<br>१३. शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>१४. महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने। |
| त्रि.अ. विमानस्थल उड्डयन मौसम शाखा | ❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रको हवाई मौसमको नियमित अनुगमन तथा विश्लेषण गर्दै उपलब्ध मौसम प्रारुपहरु, उड्डयन मौसमसंग सम्बन्धित प्रविधिहरु तथा भूउपग्रहबाट प्राप्त सुचनाहरुका आधारमा अन्तराष्ट्रिय उडानलाई विश्वसनीय र भरपर्दो बनाउन ICAO को मापदण्ड बमोजिम आवश्यक उड्डयन मौसम सुचना, जानकारी तथा पुर्वानुमान तयार गरी तोकिए बमोजिम फर्म्याट र कोडमा सम्प्रेषण गर्ने गराउने ।<br>❖ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा रही ICAO को मापदण्ड अनुसार ३६५ दिन नै दैनिक हरेक आधा घण्टाको अन्तरालमा राष्ट्रिय तथा अन्तराष्ट्रिय उडानका लागि आवश्यक पर्ने उड्डयन मौसम सुचनाहरु (METAR, SPECI) तयार गरी संजाल मार्फत संप्रेशण गर्ने । |

| | |
|---|---|
| | ❖ अन्तरराष्ट्रिय मापदण्ड बमोजिम सुरक्षित हवाई उडानका लागि आवश्यक पर्ने टाफ (Terminal Aerodrome Forecast, TAF) दैनिकरुपमा चौविस घण्टाको मान्य अवधि रहने गरी हरेक ६ घण्टामा तयार गरि तोकिएको  संजाल मार्फत संप्रेशण गर्ने ।<br>❖ अन्तराष्ट्रिय हरेक हवाई उडानकालागि अति आवश्यक पर्ने उडान (Landing), अवतरण (takeoff) तथा उडान पथ (En-route) को मौसम पूर्वानुमान गर्ने ।<br>❖ माग बमोजिम आवश्यक मौसम विवरण सहितको हवाइ फोल्डर (Aviation Met Folder) दैनिक तीन पटक तयार गरी सम्बन्धित निकाय वा विमान कम्पनीलाई प्रमाणित प्रति र आवश्यकता अनुसार इलेक्ट्रोनिक प्रति (digital copy ) उपलब्ध गराउने ।<br>❖ अन्तराष्ट्रिय विमान सेवा लगायतका हवाई सेवा संवद्ध निकायहरुलाई माग बमोजिम अन्य विविध प्रकारका मौसम विवरण, पूर्वानुमान, सुचना तथा जानकारीहरु दिनुको साथै दैनिकरुपमा TREND FORECAST ।<br>❖ आवश्यकता अनुसार वा सिफ्टमा कम्तिमा एक पटक उड्डयन मौसमसंग सम्बन्धित Oral briefing को ब्यवस्था मिलाउने ।<br>❖ काठमाण्डौ एयरपोर्ट एरोसिनप केन्द्र सञ्चालन तथा व्यवस्थापन, मौसम पूर्वानुमान शाखासंगको समन्वयमा देशभर रहेका एरोसिनप्टिक तथा सिनप्टिक केन्द्रहरुले भू सतहबाट मापदण्ड बमोजिम संकलित तथ्याङ्क, मौसम सूचना तथा अन्य जानकारीहरु प्राप्त गरी विश्लेषण गर्ने र WMO/ICAO संग सुचना आदान प्रदान गर्न आवश्यक सहयोग गर्ने ।<br>❖ ICAO को मापदण्डबमोजिम Watch office का रुपमा रही विभागको निर्देशनबमोजिम कार्यहरु सम्पादन गर्ने ।<br>❖ नेपालभरको विग्रदो मौसम अवस्था उत्पन्न भए वा हुन सक्ने देखिएमा हवाई सुरक्षाको लागि KTMFIR का लागि तत्काल जुनसुकै बखत SIGMET तयार गरी तत्काल जारी गर्ने।<br>❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय उडानलाई मौसमका दृष्टिले विश्वसनीय र भरपर्दो बनाउन ICAO तथा WMO ले तोके वमोजिमका मापदण्ड र निर्देशिकाहरुको पालना गर्ने, गराउने तथा शाखाको कार्य प्रकृति अनुरुप फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।<br>❖ केन्द्रसंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी विभागमा/महाशाखामा सिफारिस गर्ने र विभिन्न कार्यक्रम तर्जुमा गर्ने र सिफारिस गर्ने तथा उपलब्ध बजेटको कार्यन्वयन गरी प्रतिवेदन गर्ने ।<br>❖ केन्द्रसंग सम्वन्धित सम्पुर्ण उड्डयन मौसम पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>विभाग वा महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| काठमाडौं एरोसिनप्टिक केन्द्र | ❖ काठमाडौं विमानस्थलस्थित एरो-सिनोप्टिक केन्द्रबाट हरेक दिन तीन तीन घण्टाको अन्तरालमा सिनप्टिक मौसम मापन अवलोकन, सम्प्रेषण तथा अभिलेख गर्ने ।<br>❖ काठमाडौं विमानस्थलबाट ICAO मापदण्ड अनुसार आधा घण्टाको अन्तरालमा मौसम रिपोर्ट मेटार (METAR) तयार गरी तोकिए बमोजिम प्रविधिबाट सम्प्रेषण गर्ने ।<br>❖ विषम मौसम वा मौसम गडवढी भएमा तत्काल जुनसुकै समयमा आवश्कता अनुसार थप मौसम रिपोर्ट स्पेशी (SPECI) तयार गरी तत्काल सम्प्रेषण गर्ने । |

| | |
|---|---|
| | ❖ काठमाडौं एरो-सिनोप्टिक केन्द्रसंगै अन्य एरोसिनप र सिनप केन्द्रहरुबाट मापन भएको हरेक ३ घण्टाको तथ्याङ्कहरुलाई ICAO को संजाल मार्फत संप्रेशण गर्ने र नेपालका लागि समेत आवश्यक पर्ने सुचना र तथ्याङ्कहरु संकलन गर्ने ।<br>❖ एरो-सिनोप्टिक केन्द्रबाट उपलब्ध गराईने सवै मेटार र स्पेशीको इलेक्ट्रोनिक कपि समेत अभिलेख गर्ने तथा सो केन्द्रको तापक्रम, बर्षा, वायुमण्डलीय चाप आदीको समरी तयार गरी राख्ने ।<br>❖ केन्द्रको सिनप तथ्याङ्कहरुको इलेक्ट्रोनिक अभिलेख गरी शाखाका अधिकृतहरुबाट गुणस्तर परिक्षण तथा प्रशोधन गरी गराइ विभागको तथ्याङ्क शाखालाइ उपलब्ध गराउने ।<br>❖ केन्द्रको सनसाइन चार्टहरु फेर्ने, इभापोरेशन पेनमा पानी राख्ने लगायत सिनप म्यासेजलाइ विभिन्न फर्महरुमा उतार गरी मासिक रुपमा विभागको सम्बन्धित शाखामा पठाउने<br>❖ हवाई उड्डयन मौसम शाखाको सुपरिवेक्षणमा तोके बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । |
| **प्रशासन शाखा** | १. विभाग र अन्तर्गत कार्यालयहरुका कर्मचारीहरुको अभिलेख अध्यावधिक गरी सुरक्षित राख्ने।<br>२. महानिर्देशकको निर्देशनबमोजिम दरबन्दी सृजना, नियुत्ति, पदस्थापना, सरुवा, बढुवा, विभागीय कारबाही, अबकास लगायत कार्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।<br>३. जिन्सी सामानको लागत, सर्वेक्षण, रेखदेख र केन्द्रीय स्टोरको व्यवस्था सम्बन्धी कार्य गर्ने।<br>४. विभागको भवनमा आन्तरिक सुरक्षा, पालो पहरा, सोधपुछ, सरसफाई आदि सम्बन्धी कार्यमा निर्देशनबमोजिम व्यवस्थापन गर्ने ।<br>५. केन्द्रीय स्तरको दर्ता चलानी गर्ने गराउने।<br>६. विभाग र मातहत कार्यालयहरुलाई कानूनी परामर्श उपलब्ध गराउने तथा मध्यस्थताको व्यवस्था मिलाउने र मुद्धा मामिलामा विभागको बचाव गर्न आवश्यक कार्य गर्ने ।<br>७. जल तथा मौसम मापन केन्द्र सञ्चालन तथा जग्गा खरिद, अधिग्रहण, मुअब्जा, सिमांकन सम्बन्धी कार्यमा कानूनी सहयोग पुऱ्याउने र समन्वय गर्ने ।<br>८. शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>९. महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने। |
| **आर्थिक प्रशासन शाखा** | १. विभागको विनियोजन, धरौटी राजश्वको लेखा राख्ने तथा अद्यावधिक गर्ने ।<br>२. विभागको स्वीकृत बजेट निकासा प्राप्त गर्ने,<br>३. लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्य,<br>४. मातहतका निकायलाई अख्तियारी र निकासा दिने ।<br>५. विभागको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा योजना तथा अनुगमन इकाईसंग समन्वय र अन्य शाखासंग समन्वय गरी आवश्यक कार्य गर्ने,<br>६. मातहतका कार्यालयहरुको कानून बमोजिम लेखापरीक्षणमा सहजिकरण गरी बेरुजु उपर विभागको निर्देशन पठाउने,<br>७. विभागको वार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य,<br>८. प्रचलित आर्थिक कानूनद्धारा निर्दिष्ट कार्य ।<br>९. जल तथा मौसम तथ्याङ्क शुल्क निर्धारण, पुनरावलोकन गर्न समन्वय गर्ने |

| | |
|---|---|
| | १०. शाखाहरूको लागि बजेट व्यवस्था सम्बन्धी कार्य,<br>११.शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>१२. महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने। |
| सूचना प्रविधि शाखा | ❖ विभागको इलेक्ट्रोनिक्स हाजिरको समग्र व्यवस्थापन र समस्या सामाधान गर्ने ।<br>❖ विभागको बेस व्यवस्थापन गर्न आवश्यक प्रणालीको विकास र अनुगमन।<br>❖ विभागको टिभि स्टुडियो र सेटलाइट व्यवस्थापन सञ्चालन, सूचना प्रवाह र नेटवर्किंगका लागि आवश्यक सफ्टवयर सम्वन्धि सम्पूर्ण कार्यहरु प्रदान गर्न राडार व्यवस्थापन तथा संचार शाखालाई सहयोग गर्ने।<br>❖ जल तथा मौसम डाटा संग्रह र व्यवस्थापनका लागि सम्पवन्धित शाखालाई सहयोग गर्ने।<br>❖ विभागको रिमोट सेन्सिङ्ग सम्वन्धि कार्यहरुमा सम्वन्धित शाखालाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।<br>❖ डिजिटल जल तथा मौसम डाटा विश्लेषणको लागि सफ्टवेयर र उपकरणहरूको विकास गर्न सहयोग गर्ने।<br>❖ विभागको इन्टरनेट, इन्ट्रानेट, कम्प्युटर नेटवर्किङ, कम्युनिकेशन प्रणाली सुदृढ गर्ने।<br>❖ विभिन्न सफ्टवेयरहरुको लाइसेन्स अद्यावधिक गर्ने, मर्मत सम्भार गर्ने, सिष्टम अपग्रेड गर्ने।<br>❖ विभागको वेब पोर्टल र मोबाइल SMS हरू मार्फत जनतालाई जल तथा मौसम जानकारी उपलब्ध गर्ने गराउने र सोलागि आवश्यक व्यवस्थापन ।<br>❖ डाटा विश्लेषण र पूर्वानुमान मोडेलहरू विकासका लागि सफ्टवयरको विकास गर्ने ।<br>❖ जल तथा मौसम विश्लेषण र भविष्यवाणी गर्नका लागि प्रयोग हुने सुपर कम्प्युटिङ प्रणालीहरूको व्यवस्थापन र सफ्टवयर विकास ।<br>❖ विभागका जल तथा मौसम सेवाहरुको भिजुअलाइजेशन र रिपोर्ट निर्माण गर्न आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।<br>❖ विभागका तथ्याङ्कहरुको सुरक्षा र गोपनीयता सुनिश्चित गर्ने उपायहरूको कार्यान्वयन।<br>❖ विभाग वा अन्तर्गतका वेभसाइटहरु सञ्चालन, साइबर सुरक्षा र डाटा प्रोटेक्शनको निगरानी गर्ने तथा समयसापेक्ष अपग्रेड गर्ने।<br>❖ विभाग र अन्तर्गतका जल तथा मौसमसंग सम्वन्धित सप्टवयर सिस्टम अपग्रेड र सुधारमा सहयोग गर्ने ।<br>❖ विभागको अत्यावश्यक सेवा प्रवाह गर्ने शाखाहरुलाई सेवा प्रवाह ब्यवस्थित गर्न आवश्यक पर्ने सफ्टवयरसंग सम्वन्धित कार्यमा तत्काल प्राविधिक सहयोग प्रदान गर्ने ।<br>❖ विभागमा अवस्थित प्रणालीहरूको मूल्याङ्कन र सुधार प्रक्रिया सुनिश्चित गर्न विभागमा सिफारिस गर्ने।<br>❖ विभागका कर्मचारी उपयोगकर्ताहरूलाई नयाँ सूचना प्रविधिको बारेमा तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन।<br>❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । |

| | |
|---|---|
| | ❖ महानिर्देशक तथा महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने |
| योजना तथा खरिद एकाई | १. नेपाल सरकारको नीति अनुरुप योजना (अल्पकालीन ५ बर्षे योजना, दीर्घकालिन २० वर्षे योजना) तथा कार्यक्रम विभागका महाशाखाहरु, मन्त्रालय, मातहतका कार्यालयहरु र अन्य निकायहरुसँग समन्वय गरी तर्जुमा गर्ने ।<br>२. नियमित रुपमा वार्षिक तथा आवधिक योजना तर्जुमा गर्ने, विभाग र केन्द्रीय स्तरका आयोजनाहरुको वार्षिक बजेट तर्जुमा गर्ने ।<br>३. नेपाल सरकारबाट प्राप्त विशेष निर्देशनहरु कार्यान्वयन गर्न योजना तर्जुमा गर्ने ।<br>४. विभाग अन्तर्गत संचालित वार्षिक तथा आवधिक योजनाहरुको कार्यान्वयन, अनुगमन र प्रगति विवरण संकलन गरी सम्बन्धित निकाय (मन्त्रालय, रा.यो.आ ) मा पठाउने तथा विभागीय स्तरमा आन्तरिक मूल्यांकन विवेचना गर्ने प्रगति समीक्षा गर्ने ।<br>५. कार्यालयमा आवश्यक पर्ने मालसामान, निर्माणकार्य, परामर्श सेवा वा अन्य सेवा खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ उपदफा ३ अनुरुप काम गर्ने ।<br>६. शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने ।<br>७. महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने। |
| **जल तथा मौसम विज्ञान कार्यालय (कोहलपुर, जनकपुर, पोखरा, विरेन्द्रनगर, अत्तरिया र धरान)** | |
| **कार्यालय प्रमुख** | १. कार्यालय अन्तर्गतका जल तथा मौसम मापन केन्द्रहरूको सञ्चालन तथा व्यस्थापन<br>२. जल तथा मौसमी तथ्याङ्क सङ्कलन चेकजाँच, प्रविष्टि, दैनिक रिपोर्टिङको लागि सम्प्रेषण<br>३. पूर्वानुमान र पूर्वसूचना प्रदेश तथा स्थानीय तहमा सम्प्रेषण<br>४. कार्यक्षेत्रभित्र पर्ने नदी तथा तालहरूको जलगुण तथा थिग्रेनी सम्बन्धी सर्वेक्षण<br>५. मातहतका फिल्ड कार्यालय र केन्द्रहरूको नियमित अनुगमन निरीक्षण<br>६. तथ्याङ्क वितरण, तथ्याङ्क प्रमाणीकरण सेवा<br>७. प्रदेश र स्थानीय तहसंग समन्वय र सहकार्य |
| **जलविज्ञान शाखा** | १. जल, जलगुण र थिग्रनी मापन केन्द्रहरूको नियमित अनुगमन र मर्मत सम्भार गर्ने ।<br>२. नियमित रूपमा उच्च, मध्यम र न्यून जलप्रवाह मापन<br>३. जलसतह र जलप्रवाह मापन तथ्याङ्कको गुणस्तर व्यवस्थापन, रेटिङ कर्भ अद्यावधिक<br>४. जलगुण तथा थिग्रेनी नमूना सङ्कलन<br>५. बेसिन, स्थानीय र प्रादेशिक स्तरमा अध्ययन अनुसन्धान<br>६. जलजन्य विपद सम्बन्धी पूर्वसूचना तथा जानकारीहरू स्थानीयतह र प्रदेशमा सम्प्रेषण |

| | |
|---|---|
| मौसम विज्ञान शाखा | १. कार्यालय अन्तर्गतको मौसम अवलोकन केन्द्रहरूको नियमित सञ्चालन र व्यवस्थापन<br>२. म्यानुअल तथा अटोमेटिक मौसम मापन केन्द्रबाट प्राप्त तथ्याङ्क चेकजाँच र प्रविष्टि<br>३. मौसम तथ्याङ्कको गुणस्तर, शुद्धता र परीक्षण तथा नेटवर्कको नियमित अनुगमन<br>४. मौसमी राडार केन्द्र सञ्चालन, व्यवस्थापन र मर्मत-सम्भार |
| हवाइ मौसम केन्द्र, अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा तथा पोखरा | १. ICAO को मापदण्ड बमोजिम उड्डयन मौसम सूचना तथा पूर्वानुमान<br>२. आधा/आधा घण्टाको उड्डयन मौसमी सूचनाहरू (METAR, SPECI)<br>३. टाफ(Terminal Aerodrome Forecast)/SIGMET/ TREND FORECAST र आवश्यक Briefing<br>४. उडान (Ttake-off), अवतरण (Landing) र उडान मार्ग (En-route) को मौसम पूर्वानुमान<br>५. भैरहवा एयरपोर्ट एरोसिनप केन्द्र सञ्चालन तथा व्यवस्थापन |
| बेसिन फिल्ड कार्यालय (नारायणघाट र जुम्ला) | १. जल, जलगुण र थिग्रनी मापन केन्द्रहरूको नियमित सञ्चालन, अनुगमन र मर्मत सम्भार<br>२. नियमित रूपमा उच्च, मध्यम र न्यून जलप्रवाह मापन<br>३. जलसतह र जलप्रवाह मापन तथ्याङ्कको गुणस्तर व्यवस्थापन, रेटिङ कर्भ अद्यावधिक<br>४. जलगुण तथा थिग्रेनी नमूना सङ्कलन<br>५. बेसिन, स्थानीय र प्रादेशिक स्तरमा अध्ययन अनुसन्धान<br>६. तथ्याङ्क वितरण, तथ्याङ्क प्रमाणीकरण सेवा<br>७. जलजन्य विपद सम्बन्धी पूर्वसूचना तथा जानकारीहरू स्थानीय तह र प्रदेशमा सम्प्रेषण |
| सिनोप्टिक फिल्ड केन्द्र | १. दैनिक प्रत्येक तीन घण्टामा मौसम अवलोकन र तथ्याङ्क सङ्कलन<br>२. सङ्कलित तथ्याङ्कलाई WMO CODE मा रुपान्तरण र सम्प्रेषण<br>३. अतिजन्य जलमौसमी घटनाको समयमा मौसम रिपोर्टिङ,अभिलेखीकरण र सम्प्रेषण<br>४. विशेष मौसमी अवस्थाको सूचना प्रवाह र मनसुन अवधिभर पूर्वसूचना प्रणालीलाई सूचना दिने<br>५. स्वचालित मौसमी केन्द्र अनुगमन र उपकरणहरूको नियमित चेकजाँच र सञ्चालन |
| एरोसिनोप्टिक फिल्ड केन्द्र | १. दैनिक रूपमा प्रत्येक तीन घण्टामा मौसम अवलोकन र तथ्याङ्क सङ्कलन<br>२. हवाई उड्डयन सेवाका लागि आधा घण्टाको अन्तरालमा METAR, SPECI, TREND FORECAST<br>३. सङ्कलित तथ्याङ्कलाई WMO CODE मा रुपान्तरण र सम्प्रेषण<br>४. अतिजन्य जलमौसमी घटनाको समयमा मौसम रिपोर्टिङ,अभिलेखीकरण र सम्प्रेषण<br>५. विशेष मौसमी अवस्थाको सूचना प्रवाह र मनसुन अवधिभर पूर्वसूचना प्रणालीलाई सूचना दिने<br>६. स्वचालित मौसमी केन्द्र अनुगमन र उपकरणहरूको नियमित चेकजाँच र सञ्चालन |

## ४ विभागबाट प्रदान गरिने सेवा

**४.१. मौसम पूर्वानुमानः** तीन दिनसम्मको मौसम पूर्वानुमान विहान ६ र साँझ ६ बजे गरी दिनको दुई पटक नियमितरूपमा सार्वजनिक गर्ने गरिन्छ। यो मौसम पूर्वानुमान बुलेटिनको रूपमा नियमित सार्वजनिक

गरिन्छ।यसका साथै प्रमूख १२ वटा शहरहरूको मौसम पूर्वानुमान दिनको दुई पटक र पर्वतारोहणका लागि ३०००, ५५००, ७००० र ८००० मिटर माथि उचाईको पुर्व, मध्य र पश्चिम हिमाली क्षेत्रको मौसम पूर्वानुमान दिनको एकपटक नियमित रूपमा प्रदान गरिन्छ। पूर्वानुमानको रेडियो नेपाल लगायतका सञ्चार माध्यमहरूबाट समेत प्रसारण गर्ने व्यवस्था रहेको छ।
वर्षा, तापक्रम र वायुको ८४ घण्टा अवधिको नक्साङ्कन सहितको गणितीय मौसम पूर्वानुमान समेत वेवसाईटमा हरेक दिन सार्वजनिक गरिने व्यवस्था रहेकोछ। यो पूर्वानुमान निःशुल्करूपमा उपलब्ध गराईन्छ।मौसम पूर्वानुमानको हरेक दिन विहान र साँझ ७ बजे नोटिस बोर्ड नं १६१८-०७०७-३३३३ मार्फत श्रव्य (अडियो) रेकर्ड समेत उपलब्ध गराईन्छ । मौसम सम्वन्धि अन्य सूचनाको लागि निशुल्क रूपमा विहान ६ देखि बेलुकी ६ सम्म टोलफ्रि सेवा (११५५) सञ्चालन गर्ने गरिएकोछ।

मौसम पूर्वानुमानको आधारमा सम्भावित परिस्थिति विश्लेषण गरेर भारी वर्षा सहितका अतिजन्य मौसमी अवस्थालाई मध्यनजर गरी विशेष बुलेटिनहरू जारी गरिन्छ र नियमित रूपमा अतिजन्य मौसमी घटनाको अवधिभर समय-समयमा अद्यावधिक गरी सार्वजनिक गर्ने गरिन्छ।

**सप्ताहिक कृषि-मौसम पूर्वानुमानः** यो पूर्वानुमानमा भौगिलिक र प्रादेशिक विभाजन अनुरूपको पूर्वानुमान विवरण उपलब्ध गराईन्छ। यो पूर्वानुमानको आधारमा नेपाल कृषि अनुसन्धान परिषद्संगको सहकार्यमा कृषि सल्लाह मौसम बुलेटिन तयार गरी सार्वजनिक गरिन्छ।

## ४.२. बाढी पूर्वानुमान र पूर्वसूचना

मनसुनको समयमा प्रमुख नदीहरूको तीन दिनसम्मको बाढी पूर्वानुमान बुलेटिन हरेक दिन जारी गरिन्छ। भारी वर्षा र बाढी सम्बन्धी पूर्वसूचना र चेतावनी आवश्यक सतर्कताका लागि मोबाईल सन्देश मार्फत सम्बन्धित क्षेत्र र नदी तटीय क्षेत्रका बासिन्दालाई वर्षाको परिमाण र नदी जलसतहको खतरा र चेतावनी तह पार गरेपछि पठाउने व्यवस्था छ। बाढी तथा भारी वर्षा सम्बन्धी सूचना र पुर्व सूचनाको लागि मनसून अवधी र भारी वर्षाको समयमा २४ घण्टा निशुल्क रूपमा टोलफ्रि सेवा (११५५) सञ्चालन गर्ने गरिएकोछ। अतिजन्य मौसम र जलजन्य प्रकोपको समयमा विशेष बुलेटिनहरू जारी गरिन्छ।

## ४.३ १५ दिने जलप्रवाह पुर्वानुमान बुलेटिन

विभागले प्रमुख ३ नदीहरूको ३ स्थानमा (कोशी नदिको चतरा, नारायणी नदिको देवघाट र कर्णाली नदिको चिसापानीमा) १५ दिने जलप्रवाह पुर्वानुमान गरि हरेक ५ दिनमा "१५ दिने जलप्रवाह पुर्वानुमान बुलेटिन" सरोकारवालाहरूको लागि प्रकाशन गरिन्छ।

**४.४. जल तथा मौसमी तथ्याङ्कः** जल तथा मौसम सम्बन्धी तथ्याङ्कहरू विभाग र अन्तर्गतका कार्यालयहरूबाट प्राप्त गर्न सकिन्छ। ७ दिन अवधिसम्मको जल तथा मौसमी तथ्याङ्कहरू निशुल्क र सो भन्दा बढी अवधिको

तथ्याङ्कमा तोकिएको दस्तुर लाग्ने व्यवस्था छ। जल र मौसम सम्बन्धी तथ्याङ्कका लागि क्रमशः जल तथ्याङ्क तथा नेटवर्क शाखा (**सम्पर्कः** ०१५३५८१९७, ईमेलः datasection2018@gmail.com) र हावापानी तथ्याङ्क तथा नेटवर्क शाखा (**सम्पर्कः** ०१५३५४४०८, ईमेलः metdatadhm@gmail.com) मा सम्पर्क गर्नुपर्नेछ।

**४.५. जलवायु सम्बन्धी सूचनाः** दैनिक, सप्ताहिक र ऋतुगत जलवायु तथा कृषि हावापानी सम्बन्धी सूचना र प्रतिवेदन निशुल्क रूपमा विभागको वेवसाईट http://dhm.gov.np/climate/ बाट प्राप्त गर्न सकिनेछ।विस्तृत जानकारीको लागि विभागको कृषि हावापानि र हावापानी विष्लेषण शाखामा समपर्क गर्न सकिनेछ।

**४.६. हवाई उड्डयन मौसम सेवाः** यो सेवा विभागले अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई उडान प्रयोजनका लागि नियमित प्रदान गर्ने गर्दछ। यो सेवा विभागको कार्यालय स्थापना भएका विमानस्थलमा दैनिकरूपमा नियमित प्रदान गरिन्छ।अन्तर्राष्ट्रिय विमानस्थलमा आधा-आधा घण्टा र आन्तरिक विमानस्थलमा एक-एक घण्टाको फरकमा सेवाहरू प्रदान गरिन्छ भने मौसमको बिग्रिदो र सुधारिदो अवस्था विश्लेषण गरी आवश्यकता अनुसार विशेष सूचनाहरू प्रदान गर्ने गरिन्छ।

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

सेवा प्राप्त गर्न लाग्ने दस्तुर प्रचलित कानून अनुसार हुने र सूचनाको प्रकृति हेरी १५ दिनसम्मको अवधि लाग्न सक्नेछ।

जल तथा मौसम सम्बन्धी तथ्याङ्क प्रमाणीकरण गर्न निवेदन सहित रु. ५०० शुल्क दाखिला गरी प्राप्त गर्न सकिन्छ भने अन्य तथ्याङ्क तोकिएको दस्तुर तिरेर प्राप्त गर्न सकिनेछ।तथ्याङ्क सम्बन्धी सेवा प्राप्त गर्न लाग्ने दस्तुर सम्बन्धी विस्तृत विवरण विभागको वेवसाईटमा वा निम्न लिङ्कबाट हेर्न सकिनेछ।प्रकोप तथा तथ्याङ्क प्रमाणीकरणका लागि २ दिनसम्म समय लाग्न सक्दछ भने जल-मौसमी तथ्याङ्क सधारणतया १ घण्टा देखि १ दिनसम्ममा प्राप्त गर्न सकिन्छ तर तथ्याङ्कको उपलब्धता हेरी कतिपय अवस्थामा ७ दिनसम्मको समय लाग्न सक्नेछ। तथ्याङ्क सम्बन्धी विस्तृत विवरण विभागको वेवसाईटमा वा निम्न लिङ्कमा हेर्न सकिनेछः

जल तथ्याङ्क दस्तुरः https://www.dhm.gov.np/downloads

**थप जानकारीका लागि सम्पर्कः** ०१४२५८२२४, ईमेलः datasection2018@gmail.com

**मौसमी तथ्याङ्क दस्तुरः** https://www.dhm.gov.np/downloads

**थप जानकारीकारीका लागि सम्पर्कः** ०१४२५४४०८, ईमेलः metdatadhm@gmail.com

**तथ्याङ्क मागको फारमः** https://www.dhm.gov.np/downloads

र Online माध्यमबाट भुक्तानी तथा तथ्याङ्क प्राप्त गर्ने तरिकाः https://www.dhm.gov.np/downloads

तथ्याङ्क बाहेक विभागले प्रदान गर्ने अन्य सेवाहरू प्रचलित कानून अनुसार हुने।

**मौसम पूर्वानुमान, बाढी पूर्वानुमान र पुर्व सूचना लगायत जल तथा मौसम सम्वन्धी अन्य तत्कालिक सूचना निशुल्क रुपमा देहायका माध्यमहरुवाट प्रदान गरिने व्यवस्था रहेकोछः**

१) **वेबसाईट मार्फत सार्वजनिकः** मौसम तथा बाढी पूर्वानुमान लगायतका अन्य मौसमी दैनिक प्रतिवेदन र तत्कालिक सूचनाहरू तयार गरी विभागको वेवसाईट मार्फत सार्वजनिक गर्दछ। लगभग ३०० वटा जल-मौसमी केन्द्रहरूको तत्कालिक वर्षा र नदी जलसतहको सूचना स्वचालित रूपमा वेबसाईटमा नियमित सार्वजनिक गरिन्छ भने १०/१० मिनेटको अन्तरमा अद्यावधिक गर्ने गरिएकोछ।

**मौसम सम्बन्धी जानकारीका लागि सम्पर्कः** जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं, फोनः ०१-४४८६८६९, ०१-४११३१९१, नोटिस बोर्डः १६१८-०७०७-३३३३, वेवसाईटः www.mfd.gov.np
Facebook:www.facebook.com/dhmweather, Twitter: www.twitter.com/dhm_weather

**बाढी सम्बन्धी जानकारीका लागि सम्पर्कः** बाढी पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं, टोल फ्रि नम्वरः ११५५, फोनः ०१४२५८२७१, वेवसाईटः www.hydrology.gov.np
Twitter: Nepal Flood Alert (नेपाल बाढी सूचना) https://twitter.com/DHM_FloodEWS
Facebook: Nepal Flood Alert (नेपाल बाढी सूचना) https://www.facebook.com/FlowForecasting

२) **ईमेलमार्फत सम्प्रेषणः** विभागले तयार गरेको पूर्वसूचना र सम्बन्धित अन्य सूचनाहरू दैनिकरूपमा र आवश्यकता अनुसार सम्बन्धित सरोकारवालाको ईमेल मार्फत सम्प्रेषण गरिन्छ।उक्त सूचनाहरू विभागमा उपलब्ध स्थानीय तह र राष्ट्रियस्तरका समाचारका माध्यमहरू एवं स्थानीय सञ्चार माध्यमहरूको ईमेलमा समेत सम्प्रेषण गरिन्छ। यसका साथै गृह मन्त्रालय, राष्ट्रिय आपतकालिन केन्द्र, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण लगायत कृषि, स्वास्थ्य, पर्यटन, यातायात, नागरिक उड्डयन संग सम्बन्धित सरकारी, गैरसरकारी, निजी क्षेत्रका संघसंगठन र व्यक्तिको ईमल मार्फत पठाउने गरिन्छ।

३) **२४ घण्टे टलिफोन तथा टोलफ्रि सेवा सञ्चालनः** जल तथा मौसम सम्बन्धी सूचना प्रदान गर्नका लागि फोनः ०१-४४८६८६९, ०१-४११३१९१ को टेलिफोन सेवा २४ घण्टा, ३६५ दिन सञ्चालन हुने व्यवस्था छ। मौसम पूर्वानुमान हरेक दिन विहान र साँझ ७ बजे नोटिस बोर्ड नं १६१८-०७०७-३३३३ मार्फत श्रव्य (अडियो) रेकर्ड समेत उपलब्ध गराउने गरिएकोछ।बाढी तथा भारी वर्षा

सम्बन्धी सूचना र पुर्व सूचनाको लागि मनसून अवधी र भारी वर्षाको समयमा २४ घण्टा निशुल्क रूपमा ११५५ नम्वरको टोलफ्रि सेवा सञ्चालन गर्ने गरिएको साथै मौसम सम्वन्धि अन्य सूचनाको लागि निशुल्क रूपमा विहान ६ देखि बेलुकी ६ सम्म टोलफ्रि सेवा (११५५) सञ्चालन गर्ने गरिएको छ। यसका साथै अन्य टेलिफोन र ईमेल मार्फत समेत सूचना माग भए वमोजिम तरुन्त उपलब्ध गराईने व्यवस्था रहेकोछ।

४) भारी वर्षा र बाढी सम्बन्धी पुर्वसूचना र चेतावनी मोवाईल सन्देश मार्फत सम्न्वधित क्षेत्र र नदी तटीय क्षेत्रका बासिन्दालाई वर्षाको परिमाण र नदी जलसतहको खतरा र चेतावनी तह पार गरेपछि पठाउने गरिन्छ।

५) समाजिक सञ्जाल ट्विटर, फेसवुकको माध्यमबाट समय-समयमा तत्कालिन मौसम र बाढीको अवस्थावारे सूचना सार्वजनिक गरिन्छ। सर्वसधारणका जिज्ञासाहरू टेलिफोनबाट २४ घण्टा संवोधन गर्ने व्यवस्था छ।

६) सञ्चारका माध्यमहरू (रेडियो, टेलिभिजन र पत्रपत्रिका) मार्फत जल तथा मौसमी सूचनाहरू सम्प्रेषण गरिन्छ।

७) दैनिक तापक्रम र वर्षा सम्वन्धी मौसम विश्लेषण प्रतिवेदन सार्वजनिक गरी र सरोकारवालाहरूलाई समेत विद्युतीय माध्यमबाट उपलब्ध गराईन्छ।

८) विभाग अन्तर्गतका कार्यालय रहेका विमानस्थलवाट हवाई उडानका लागि आवश्यक उड्डयन मौसम सेवाहरु।

## विभागको नागरिक वडापत्र

| क्र. सं. | सेवा सुविधाको विवरण | आवश्यक पर्ने कागजात | लाग्ने समयावधि | लाग्ने शुल्क | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | दर्ता/चलानी तथा सोधपुछ | मौखिक | तुरुन्त | निःशुल्क | प्रशासन शाखा, कोठा नं. १०१ | प्रमुख, प्रशासन शाखा, कोठा नं. ५०२ |
| २ | खरिद सम्बन्धी सेवा | रितपूर्वक कागजात सहितको निवेदन | तोकिएको हकमा नियमानुसार,अन्यथा २ दिन | तोकिए बमोजिम | खरिद एकाई, कोठा नं. ३०१ | गुनासो सुन्ने अधिकारी, कोठा नं. ८०५ |
| ३ | आर्थिक प्रशासन सम्बन्धी सेवा | रितपूर्वक कागजात सहितको निवेदन | तोकिएको हकमा नियमानुसार, अन्यथा ३ दिन | निःशुल्क | आर्थिक प्रशासन शाखा, कोठा नं. ६०४ | गुनासो सुन्ने अधिकारी, कोठा नं. ८०५ |
| ४ | जल विज्ञान तथ्याङ्क (जल प्रवाह, जल सतह, थिग्रेनी, जलगुण) | निवेदन, तथ्याङ्क माग फाराम, (राजस्व छुटको हकमा सिफारिश) | १ दिन | तोकिए बमोजिम | जल तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. २०९ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ५ | जल विज्ञान तथ्याङ्क प्रमाणिकरण | निवेदन | २ दिन | रु ५००।- | जल तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. २०९ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ६ | ताल, तलैया, सिमसार सम्बन्धी सूचना | मौखिक / निवेदन | १ दिन | निःशुल्क | थिग्रेनी तथा जलाशय शाखा, कोठा नं. १०३ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ७ | हिम, हिमताल, हिमजल, हिम नदी सम्बन्धी सूचना | मौखिक / निवेदन | १ दिन | निःशुल्क | हिम शाखा, कोठा नं. १०४ | प्रमुख, जल विज्ञान महाशाखा, कोठा नं. ५०५ |
| ८ | बाढी तथा दैनिक जलप्रवाह पूर्वानुमान सूचना | मौखिक / निवेदन | १ घण्टा | निःशुल्क | बाढी पूर्वानुमान शाखा, कोठा नं. २०६ | प्रमुख, बाढी पूर्वानुमान महाशाखा, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कोठा नं. ७०५ |
| ९ | हावापानी तथ्याङ्क (तापक्रम, वर्षा, आद्रता, वायुको दिशा र गति, माटोको तापक्रम, सौर्य अवधि आदि) | निवेदन, तथ्याङ्क माग फाराम, (राजस्व छुटको हकमा सिफारिश) | बढिमा ७ दिन | तोकिए बमोजिम | जलवायु तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. ४०५ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १० | मौसमी तथ्याङ्क प्रमाणिकरण | निवेदन | बढिमा ७ दिन | रु ५००।- | जलवायु तथ्याङ्क तथा नेटवर्क शाखा, कोठा नं. ४०५ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| ११ | प्रकाशित मासिक, ऋतुगत तथा वार्षिक हावापानी प्रतिवेदन, जलवायु सम्बन्धी जानकारी, हावापानी अनुगमन प्रतिवेदन आदि | निवेदन / मौखिक | बढिमा ३ दिन | निःशुल्क | जलवायु विश्लेषण शाखा, कोठा नं. ३०४ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १२ | साप्ताहिक कृषि मौसमी प्रतिवेदन | निवेदन | बढिमा ३ दिन | निःशुल्क | कृषि मौसम शाखा, कोठा नं. ३०९ | प्रमुख, हावापानी विज्ञान महाशाखा, कोठा नं. ८०५ |
| १३ | मौसमी उपकरण सम्बन्धी जानकारी | निवेदन / मौखिक | बढिमा ३ दिन | निःशुल्क | मौसम उपकरण व्यवस्थापन तथा क्यालिब्रेसन शाखा, कोठा नं. ३१० | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |
| १४ | मौसमी अवस्थाको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना | मौखिक / निवेदन | १ - ६ घण्टा | निःशुल्क | मौसम पूर्वानुमान शाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |
| १५ | हवाई मौसमी अवस्थाको अनुगमन, पूर्वानुमान तथा पूर्वसूचना | मौखिक / निवेदन | १ - ६ घण्टा | निःशुल्क | उड्डयन मौसम मापदण्ड तथा समन्वय शाखा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |
| १६ | मौसम केन्द्र अवलोकन तथा पूर्वानुमान बिधि सम्बन्धी जानकारी | निवेदन | बढिमा ७ दिन | निःशुल्क | काठमाडौं एरोसिनोप्टिक केन्द्र, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौचर | प्रमुख, मौसम पूर्वानुमान महाशाखा, कोठा नं. ६०५ |

## ६. सेवा प्रदान गर्ने महाशाखा, शाखा, कार्यालय र जिम्मेवार अधिकारी

| सि.न. | विभाग/महाशाखा/शाखा | जिम्मेवार अधिकारी | सम्पर्क |
|---|---|---|---|
| **१** | **जल तथा मौसम विज्ञान विभाग** | **महानिर्देशक, श्री कमल राम जोशी** | **०१४२१९०४७**<br>**कोठा नं ९०२** |
| १.१ | प्रशासन शाखा | उपसचिव, श्री माधव राज मरासैनी | ०१४२५८२२४ (Ext. २९) कोठा नं. ५०१ |
| १.२ | आर्थिक प्रशासन शाखा | उपसचिव, श्री प्रेम चन्द्र भुषाल | ०१४२५८२२४ (Ext. १६) कोठा नं. ६०४ |
| **२** | **जलवायु विज्ञान महाशाखा** | **उपमहानिर्देशक, डा अर्चना श्रेष्ठ** | **०१४२५८२७०**<br>**कोठा नं ८०५** |
| २.१ | जलवायु तथ्याङ्क तथा नेटवर्क शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री प्रतिभा मानन्धर | ०१४२५८२२४ (Ext. १०८) कोठा नं. ४०५ |
| २.२ | जलवायु विश्लेषण शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री सुजन सुबेदी | ०१४२५८२२४ (Ext. १२७) कोठा नं. ३०४ |
| २.३ | मौसम उपकरण व्यवस्थापन तथा क्यालिब्रेसन शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री सुवाष रिमाल | ०१४२५८२२४ (Ext. १३७) कोठा नं. ३०९ |
| २.४ | कृषि मौसम शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, | |
| **३** | **बाढी पूर्वानुमान महशाखा** | **उपमहानिर्देशक,** श्री विक्रम श्रेष्ठ जुवा | **०१४२५८२४५**<br>**कोठा नं ७०५** |
| ३.१ | बाढी पूर्वानुमान शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री विनोद पराजुलि | ०१४२५८२२४ (Ext. १२९) कोठा नं २०७ |
| ३.२ | जलविज्ञान मोडलिङ शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री रुद्र वहादुर परियार | ०१४२५८२२४ (Ext. २४) कोठा नं ७०४ |

| | | | |
|---|---|---|---|
| ३.३ | जलविज्ञान अन्वेषण तथा परामर्श शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री दिनकर कायस्थ | ०१४२५८२२४ (Ext. २५) कोठा नं ७०१ |
| ३.४ | शहरी जलविज्ञान तथा रिमोट सेन्सिङ शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री विनोद पराजुलि | ०१४२५८२२४ (Ext. २५) कोठा नं ७०१ |
| ३.५ | जलविज्ञान टेलिमेट्रि शाखा | सिनियर डिभिजनल ईन्जिनियर, श्री सन्त कुमार महर्जन | ०१४२५८२२४(Ext.१२६) कोठा नं २०१ |
| ४ | **मौसम पूर्वानुमान महाशाखा** | **उपमहानिर्देशक, श्री सुमन कुमार रेग्मी** | |
| ४.१ | मौसम पूर्वानुमान शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री बिभुती पोखरेल<br>सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री बरुण पौडेल | ०१४११३१९१ |
| ४.२ | उडडयन मौसम मापदण्ड तथा समन्वय शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री निराजन सापकोटा | |
| ४.३ | मौसम मोडलिङ शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री राजुधर प्रधानाङ्ग | |
| ४.४ | राडार व्यवस्थापन तथा संचार शाखा | सिनियर डिभिजनल ईन्जिनियर, श्री सन्त कुमार महर्जन | ०१४२५८२२४(Ext.१२६) कोठा नं २०१ |
| ४.५ | त्रि.अ. विमानस्थल उड्डयन मौसम शाखा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री मिन कुमार अर्याल | |
| | काठमाडौं एरोसिनप्टिक केन्द्र | | |
| **५** | **जल विज्ञान महाशाखा** | **उपमहानिर्देशक,** श्री विक्रम श्रेष्ठ जुवा | |
| ५.१ | जल तथ्याङ्क तथा नेटवर्क शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री राम विकेश राय | ०१४२५८२२४ (Ext. १३६) कोठा नं १०२ |
| ५.२ | हिम विज्ञान शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री सुभास तुलाधर | ०१४२५८२२४ (Ext. १२४ ) कोठा नं २०३ |

| | | | |
|---|---|---|---|
| ५.३ | थिग्रेनी तथा जलाशय शाखा | सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री | ०१४२५८२२४ (Ext. २४) कोठा नं ७०४ |
| ५.४ | जलगुण शाखा | सिनियर डिभिजनल केमिष्ट,<br>निमित्त श्री कमल दत्त आचार्य | ०१४२५८२२४ (Ext. ) कोठा नं १०४ |
| ६ | **प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम व्यवस्थापन आयोजना** | **सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री** दिनकर कायस्थ | ०१४२५८२२४ **(Ext.३३ ) कोठा नं ७०३** |

मातहतका कार्यलयहरू

| सि. न. | कार्यालय | कार्यालय प्रमूख/जिम्मेवार अधिकारी | सम्पर्क |
|---|---|---|---|
| १. | जल तथा मौसम विज्ञान कार्यालय, धरान | सिनयर डिभिजनल हाईड्रोलोजिष्ट, श्री साकेत कुमार कर्ण | ०२५५२०२७२ |
| १.१ | एरोसिनप्टिक फिल्ड केन्द्र, विराटनगर एअरपोर्ट | मौसम विज्ञान सहायक,श्री | ०२१४६१२७६ |
| १.२ | एरोसिनप्टिक फिल्ड केन्द्र, सिमरा एअरपोर्ट | मौसम विज्ञान सहायक,श्री | ०५३५२००८१ |
| १.३ | एरोसिनप्टिक फिल्ड केन्द्र, जनकपुर एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री | ०४१४२५२३७ |
| १.४ | एरोसिनप्टिक फिल्ड केन्द्र, भद्रपुर एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री | ०२५५२०२७२ |
| १.५ | एरोसिनप्टिक फिल्ड केन्द्र, लुक्ला एअरपोर्ट | मौसम विज्ञान सहायक, श्री | ०३८५५०२६८ |
| १.६ | एरोसिनप्टिक फिल्ड केन्द्र, तुम्लिङटार एअरपोर्ट | मौसम विज्ञान सहायक, | ०२५५२०२७२ |
| १.७ | सिनप्टिक फिल्ड केन्द्र, ताप्लेजुङ | मौसम विज्ञान सहायक, श्री | ०२४४६०५२१ |
| १.८ | सिनप्टिक फिल्ड केन्द्र, धनकुटा | मौसम विज्ञान सहायक, श्री | ०२६५२२२३४ |
| १.९ | सिनप्टिक फिल्ड केन्द्र, ओखलढुङ्गा | मौसम विज्ञान सहायक, श्री | ०३७५२०३२७ |
| २ | जल तथा मौसम विज्ञान कार्यालय, पोखरा | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट श्री शान्ती कंडेल | ०६१४६५२९९ |
| २.१ | हवाइ मौसम केन्द्र, अन्तर्राष्ट्रिय विमानस्थल | सिनियर डिभिजनल मेटेरियोलोजिष्ट श्री चिरन्जिवी भेटुवाल | |

| | | | |
|---|---|---|---|
| | पोखरा | | |
| २.२ | नारायणी बेसिन कार्यालय, नारायणघाट, चितवन | हाईड्रोलोजिष्ट ईन्जिनियर, श्री सुमित अधिकारी | ०५६५२६४०९ |
| २.३ | एरोसिनप्टिक फिल्ड केन्द्र, पोखरा एअरपोर्ट | मौसम विज्ञान सहायक, | ०६१४६५४६० |
| २.४ | एरोसिनप्टिक फिल्ड केन्द्र, जोमसोम एअरपोर्ट | मौसम विज्ञान सहायक, | ०६१४६५२९९ |
| ३ | **हवाइ मौसम केन्द्र, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा** | **सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, श्री सुवाष रिमाल**<br>हिरा भट्टराई | ०७१५०६१६४ |
| ३.१ | एरोसिनप्टिक फिल्ड केन्द्र, नेपालगञ्ज एअरपोर्ट | मौसम विज्ञान सहायक, | ०८१५६५२८८ |
| ३.२ | सिनप्टिक फिल्ड केन्द्र, दाङ | मौसम विज्ञान सहायक, | ०८२५६००३४ |
| ४. | **जल तथा मौसम विज्ञान कार्यालय, कोहलपुर** | **सिनियर डिभिजनल हाईड्रोलोजिष्ट, श्री राम प्रसाद अवस्थी** | ०८१५४२१०७ |
| ४.१ | एरो सिनप्टिक फिल्ड केन्द्र, सुर्खेत एअरपोर्ट | मौसम विज्ञान सहायक, | ०८३५२०२१० |
| ४.२ | एरो सिनप्टिक फिल्ड केन्द्र, ताल्चा एअरपोर्ट | मौसम विज्ञान सहायक, | ०८१५४०१०१ |
| ४.३ | एरो सिनप्टिक फिल्ड केन्द्र, सिमिकोट एअरपोर्ट | मौसम विज्ञान सहायक, | ०८७६८०३३४ |
| ४.४ | सिनप्टिक फिल्ड केन्द्र, जुम्ला | मौसम विज्ञान सहायक, | ०८७५२०१८७ |
| ४.५ | सिनप्टिक फिल्ड कार्यालय, दिपायल | मौसम विज्ञान सहायक, | ०९४४१२०२० |

| | | | |
|---|---|---|---|
| ४.६ | सिनप्टिक फिल्ड कार्यालय, डडेल्धुरा | मौसम विज्ञान सहायक, | ०९६४२०२२१ |
| ५ | **जल तथा मौसम विज्ञान कार्यालय, अत्तरिया, कैलाली** | हाईड्रोलोजिष्ट ईन्जिनियर, | ०९१५५०६२२ |
| ६ | **जल तथा मौसम विज्ञान कार्यालय, सुर्खेत** | **सिनियर डिभिजनल मेटेरियोलोजिष्ट, डा. ईन्दिरा कंडेल** | |
| ७ | **जल तथा मौसम विज्ञान कार्यालय, जनकपुर** | **मेटेरियोलोजिष्ट, श्री राजिव झा** | |
| | | | |

७. प्रमुख, प्रवक्ता तथा सूचना अधिकारीको विवरण

| क्र.सं. | पदाधिकारी | नाम |
|---|---|---|
| १ | महानिर्देशक | कमल राम जोशी |
| २ | गुनासो सुन्ने अधिकारी | डा अर्चना श्रेष्ठ, उप-महानिर्देशक<br>सम्पर्क:०१४२१९०४७, कोठा नं ८०५ |
| ३ | प्रवक्ता | बिभूति पोखरेल, सिनियर डिभिजनल मेटेरियोलोजिस्ट<br>सम्पर्क: ९८६३४७७९१५, कोठा नः ३०९ |
| ४ | सूचना अधिकारी | दिनकर कायस्थ, सिनियर डिभिजनल हाइड्रोलोजिष्ट<br>सम्पर्क: ९८६३४७७९१६, कोठा नः २०३ |

८. राष्ट्रिय योजना आयोगको ढाँचा वमोजिम जल तथा मौसम विज्ञान विभाग अन्तर्गतका कार्यहरूको नतिजा खाकाः

| क्र.स. | सूचक | एकाइ | लक्ष्य (२०८१/८२) | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपद्का कारण हुने क्षति न्यूनीकरणका लागि मौसम पूर्वानुमानको Accuracy मा सुधार हुने | प्रतिशत | ६५ | १०० % | |
| २ | विपद्का कारण हुने क्षति न्यूनीकरणका लागि बाढी पूर्वानुमानको Probability of Detection मा सुधार हुने | प्रतिशत | ६५ | १०० % | |
| **प्रतिफल** | | | | | |
| **क्र.स.** | **सूचक** | **एकाइ** | **लक्ष्य (२०८१/८२)** | **प्रगति** | **कैफियत** |
| १ | जल तथा मौसम पूर्वानुमान अवधि | दिन | ३ | १०० % | |
| २ | बाढी पूर्वसूचना प्रणालीमा पहुँच भएको क्षेत्र | वर्ग कि.मी. | ३१००० | १०० % | |
| ३ | प्रभावमा आधारित मौसम पूर्वानुमान सेवामा पहुँच भएको स्थानीय तह | संख्या | १० | १०० % | |
| ४ | त्रैमासिक जलवायु पूर्वानुमान सेवा | संख्या | ३ | १०० % | |
| ५ | मासिक जलवायु पूर्वानुमान सेवा | संख्या | - | १०० % | |

९. सम्पादन भएका मुख्य-मुख्य कामको विवरण (**२०८२ श्रावण - आश्विन**)

९.१ २०८२ **श्रावण - आश्विन** **सम्म जल तथा मौसम विज्ञान विभागबाट भएका प्रमुख कार्यहरू**

- विभाग अन्तर्गत यस आ.व. २०८२/८३ मा गर्नुपर्ने कार्यहरूको लागत अनुमान, कार्य शर्त लगायतका कागजपत्रहरु तयार गर्ने कार्यहरु हुंदै गरेको।
- आ.व. २०८१/८२ को आन्तरिक लेखा परिक्षणको कार्य सम्पन्न भएको।
- Toll Free Number ११५५ वाट जल तथा मौसम सम्वन्धि जानकारीको लागि (२४ X ७) सेवा सञ्चालन गरिएको ।
- भारि वर्षा, वाढी लगायतका अवश्थामा Mass sms मार्फत पुर्व सुचना जारि गरिएको।
- तिलिचो हिम केन्द्रलाई पुर्ण स्वचालित केन्द्रमा स्तरोन्नति गर्ने कार्य सम्पन्न।
- विभागले नियमित गर्नुपर्ने अन्य कार्यहरू नियमित रुपमा हुंदै गरेको।

८.२ दैनिक सम्पादन हुने मुख्य-मुख्य कामको विवरण (२०८२ श्रावण - आश्विन)

| | प्रमुख कार्यहरू | विवरण |
|---|---|---|
| १ | Briefing | दैनिक विहान ११ वजे (विभागको चौथो तल्लामा) |
| २ | बाढी पूर्वानुमान बुलेटिन | दैनिक विहान ८ वजे |
| ३ | विशेष वुलेटिन | भारि वर्षा, उल्लेख्य बाढीको अवस्थामा |
| ४ | Sms मार्फत सुचना प्रवाह | आवश्यकता वमोजिम |
| ५ | मौसम पूर्वानुमान बुलेटिन | आगामी तीन दिनको मौसम पूर्वानुमान<br>दैनिक २ वटा बुलेटिन |
| ६ | सर्वसाधारण, सञ्चार माध्यम र विषयगत सोरकारवालाका लागि मौसम सूचना सेवा प्रदान | प्रत्येक दिन २४ घण्टा सञ्चालन हुने |
| ७ | विशेष मौसम बुलेटिन | २ वटा |
| ८ | पर्वतारोहणका लागि पूर्वानुमान (HIGH ALTITUDE FORECASTS) बुलेटिन | दैनिक एक पटक |
| ९ | मूख्य शहरहरुको दैनिक मौसम पूर्वानुमान | दैनिक २ पटक |
| १० | विश्व मौसम संगठनको World Weather Information Service मा नेपालका १२ वटा शहरहरुको मौसम पूर्वानुमान प्रदान गर्ने | दैनिक १ पटक |
| ११ | साप्ताहिक कृषि मौसम पूर्वानुमान बुलेटिन र<br>सप्ताहिक कृषि-मौसम बुलेटिन | हप्ताको एक पटक |

| | | |
|---|---|---|
| १२ | तराईको हुस्सु/कुहिरो/शितलहर बुलेटिन (Terai Mist/Fog/Cold wave Bulletin) | दैनिक एक पटक ३५ वटा बुलेटिन (सम्भावित समयमा मात्र) |
| १३ | दैनिक तापक्रम र वर्षाको अनुगमन प्रतिवेदन | दैनिक १ वटा |
| १४ | सुरक्षित हवाई उडानका लागि तत्कालिक मौसम सूचनाहरू (METAR, SPECI) प्रदान गर्ने | आधा-आधा घण्टाको फरकमा २४ सै घण्टा |
| १५ | a. अन्तराष्ट्रिय उडानका लागि उड्डयन मौसम पूर्वानुमान (Terminal Aerodrome Forecast, TAF)<br>b. बिग्रिदो मौसम अवस्थामा आवश्यकता अनुसार दिईने मौसम पूर्वानुमान (SIGMET)<br>c. विमान सेवा प्रदायकलाई Take Off Data (Wind, Temperature, Pressure पूर्वानुमान) प्रदान गर्ने<br>d. विमानचालक तथा विमान सेवा प्रदायकलाई Briefing सेवा र TREND FORECAST प्रदान गर्ने | दैनिक ६/६ घण्टाको फरकमा दैनिक ४ वटा जम्मा ३५६ पटक अध्यावधिक भएको।<br><br>आवश्यकता अनुसार ४ घण्टाको अवधिको लागि मान्य हुने गरी प्रदान गरिने।<br><br>दैनिक ३ पटक<br><br>दैनिक २ पटक र माग अनुसार प्रदान हुने। |
| १६ | हवाई फोल्डरः- उडान (takeoff), अवतरण (Landing) र उडान मार्ग (En-route) मौसम पूर्वानुमान | त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलवाट दैनिक उडानहुने विमानहरुकालागि उपलब्ध गराईने। |
| १७ | सिनप्टिक मौसम अवलोकन र Global Telecommunication System मार्फत सम्प्रेषण | दैनिक ८ पटक |
| १८ | रेडियोसोण्ड सञ्चालन | प्रत्येक दिन बिहान ५:४५ बजे किर्तिपुरबाट उडान; ३० कि.मी. माथिसम्मको Vertical Profile सङ्कलन |
| १९ | जल तथा मौसम सम्वन्धी तथ्याङ्क वितरण र प्रकोप प्रमाणीकरण सेवा | कार्यालय समय भित्र प्रत्येक दिन |
| २० | विभिन्न नदीहरुको जलसतह मापन | दैनिक ३ पटक |
| २१ | प्रमुख ३ नदीहरूको ३ स्थानमा (कोशी नदिको चतरा, नारायणी नदिको देवघाट र कर्णाली नदिको चिसापानीमा) १५ दिने जलप्रवाह पुर्वानुमान गरि "१५ दिने जलप्रवाह | हरेक ५ दिनमा |

| | | |
|---|---|---|
| | पुर्वानुमान बुलेटिन" सरोकारवालाहरूको लागि प्रकाशन कार्य। | |
| २२ | विभिन्न मौसम समवन्धी जानकारी तथा सचेतनामुलक सन्देशहरू छोटो छोटो video clip हरू तयार गरि सामाजिक संजाल लगायत अन्य विभिन्न माध्यमवाट जन चेतनाको लागि जारी गर्ने कार्य। | आवश्यकता वमोजिम |

आ.व २०८२ / ८३ आश्विन मसान्त सम्मको खर्च प्रगति विवरण

| क्र.सं. | बजेट उपशीर्षक | वार्षिक बजेट (रु लाखमा) | आश्विन मसान्त सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | जल तथा मौसम विज्ञान विभाग | ३१४० | २४७.४ | ७.९ |
| २. | प्राथामिकता प्राप्त नदि बेशिन बाढी जोखिम ब्यवस्थापन आयोजना | २८२२ | १२.५ | ०.४ |
| ३. | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | २५८ | ५१.७ | २.० |
| ४. | जल तथा मौसम विज्ञान कार्यक्रम | २७४७ | ३१९.६ | ११.६ |
| जम्मा | | ८९६७ | ६३१.२ | ७.०४ |

### ९.विभागको वेवसाईट

यस जल तथा मौसम विज्ञान विभागको वेवसाइट www.dhm.gov.np, रहेको छ।

**१०. विभागमा परेका सूचना माग सम्बन्धी निवेदनः**

लिखितरूपमा माग नभएको र ईमेल/फोन मार्फत जानकारी माग भएको सूचनाहरू प्रदान गरिएको।

**प्रस्तुत विवरण विभागको वेवसाइट [www.dhm.gov.np](http://www.dhm.gov.np) मा हेर्न सकिनेछ।**

**थप जानकारीका लागि सम्पर्क**

**सूचना अधिकारी**

दिनकर कायस्थ, सिनियर डिभिजनल हाइड्रोलोजिष्ट

सम्पर्कः ९८६३४७७९१६, कोठा नः  २०३

ईमेलः [info@dhm.gov.np](mailto:info@dhm.gov.np)


नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

**जल तथा मौसम विज्ञान विभाग**

**बबरमहल, काठमाडौं, नेपाल**

**फोन नः** ०१४२११५३०, ०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१ **फ्याक्सः**०१४२६४२१९, **पो.व.नः** ४०६

**ईमेलः** info@dhm.gov.np  वेबसाईटः [www.dhm.gov.np](http://www.dhm.gov.np)